# अध्याय - एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

समाज भनेको विभिन्न रुचि, पेशा, धर्म, उमेर, संस्कृति, मूल्य मान्यता अवलम्बन गरेका मानिसहरू रहने ठाउँ तथा जालो हो । मानव सभ्यताको प्रारम्भमा महिला र पुरुषबीचमा समानता थियो । लैङ्गिक विभेद थिएन तर समाजको विकासक्रम अघि बढ्दै जाँदा महिला र पुरुषबिच जैविकीय संरचना फरक भएको कारण कार्यहरूको विभाजन गरियो । कामलाई घरबाहिर र घरभित्रको काम भनेर विभाजन गरियो । पुरुष शक्तिशाली अर्थात् शारीरिक रूपमा बलियो भएको कारण घर बाहिरका विभिन्न कार्यमा हिसा लिँदै आए भने महिलाको काम मात्रै बालबच्चा, बुढाबुढी स्याहारसुसार गर्न, सरसफाई गर्ने, इन्धन सङ्कलन गर्ने आदिमा सीमित गरियो । सन् १९६० पछिका दशकहरूमा महिलाहरूलाई चौतर्फी रूपमा जोड दिइयो । शिक्षा, सरकारी र गैरसरकारी निकाय, अध्ययन अनुसन्धान केन्द्र, सैद्धान्तिक धार स्वयं विकासका रणनीतिहरूमा लैंगिक अध्ययनलाई जोड दिइयो । नेपालमा महिला जागरण र सशक्तिकरणको इतिहासलाई पट्याएर हेर्दा वि.सं. २०४६ को परिवर्तनलाई शैक्षिक जगत्मा गुणस्तरीयता कायम हुन नसके पनि सबैले शैक्षिक अवसरको समान ढंगले उपयोग गर्ने मौका नपाए पनि नेपाली समाजमा चेतनाका केही लहरहरू आएका छन् । महिलाहरू चेतनशील शिक्षित बन्दै आएकोले महिलापुरुषबीच समन्वय र समझदारीका केही आशा पलाएका छन् । (अर्याल, २०६८)

इतिहास अनुसार ऐतिहासिक शहर कीर्तिपुरको उत्पति शिवदेशवले सन् १०९९-११२६ को बीचमा मल्लकालीन राजाहरूको शासनकालमा १५ औं शताब्दीतिर मानववस्ती स्वरूप विकास भएको इतिहासमा उल्लेख पाइन्छ । कीर्तिपुरलाई एक ऐतिहासिक शहरको रूपमा लिइन्छ । गोर्खाका राजा पृथ्वी नारायण शाहले तीन पल्टसम्म आक्रमण गरेर तेस्रो पल्टमा मात्रै विजय हासिल गरेका हुन् । हालसम्म पनि ती युद्धका हातहतियारहरू बाघ भैरव मन्दिरको छानाहरूमा पाइन्छ । इतिहासमा

कीर्तिपुरलाई ज्यादै महत्त्वका साथ लिइन्छ । ऐतिहासिक शहर कीर्तिपुरमा भौतिक विकास लगायत महिला विकास र सशक्तिकरणको इतिहासलाई पल्टाउनु पर्दा यहाँका महिलाहरू पनि पितृसत्तात्मक शक्ति मै पिल्सिएका छन् । पुरुषहरू आयस्रोतको स्रोतको रूपमा र महिला घरायसी काम, बालबच्चाको स्याहार सुसारमा, खेतीपातीमा व्यस्त हुन्छन् । तर शैक्षिक लहरले आज कीर्तिपुरका महिलाहरूमा थुप्रै परिवर्तनहरू देखा परेका छन् । महिलाहरूमा एकता, आपसी मेलमिलाप, आर्थिक कारोबार लगायत अन्त कार्यहरूमा संलग्नता बढ्दै आइरहेको छ । यसको मूल कारण कीर्तिपुरमा विभिन्न टोलहरूमा संगठित महिला समूहहरू हुन् । जुन महिला समूहहरू मार्फत् महिलाहरूले संगठित हुने मौका मात्र पाएनन् । उनीहरूले सामुहिक रूपमा व्यक्तिगत विकासको कार्यक्रमलाई लक्षित बनाउँदै रकम बचत लगायत बचाउ रकमको उचित सदुपयोग गर्दै विभिन्न जात्राहरूमा, सार्वजनिक कार्यहरूमा सामूहिक संलग्नता देखाउँदै आइरहेका छन् । इतिहास कालदेखि नै कीर्तिपुर वासीहरूले साहसीको प्रदर्शन गर्दै आइरहेका छन् र आज पनि महिला समूहहरूमा साहसी महिलाहरूले दमन, शोषणमा परेका महिलाहरूलाई समूहमा सदस्य बनाई विभिन्न कार्यक्रम मार्फत् उनीहरूलाई महिला सशक्तिकरण अभियानमा संलग्न गर्दै आइरहेका छन् । (History of kirtipur, 2014)

कीर्तिपुरमा जम्मा गरी १२ वटा विभिन्न टोलहरूमा विभिन्न महिलाहरू समूहहरू गठित छन् । ती महिला समूहका महिलाहरू विभिन्न धार्मिक क्रियाकलापहरूमा एक आपसमा मिलेर नेवारी परम्परालाई आत्मसात गर्दै अगाडि बढेका छन् । विशेष गरी महिला समूहहरूले Bakery Shop, Newari food खाजाघर, सिलाइ बुनाइ जस्ता सीपहरूमा संलग्न छन् । यस महिला समूहहरूबाट महिलाहरूले घर परिवारलाई संगठित पारी साना टिना व्यवसाय जस्तो साबुन बनाउने, टोपी बुन्ने, सिलाई बुनाई, डल बनाउने आदि । उदाहरणको रूपमा कीर्तिपुरस्थित बिहानी महिला समूहका दुर्गा लक्ष्मी महर्जन, जसले अध्यक्षको रूपमा महिला समूहलाई समाल्दै आइरहेको छिन् भने अरू महिलाहरूलाई समेत प्रोत्साहित गर्दै महिला जागरणमा ठूलो टेवा पुऱ्याइरहेकी छिन् । महिलाहरू दुर्गा लक्ष्मी महर्जनको प्रयास र सफलता

अभिप्रेरित भएका छन् र हरेक महिलाहरू सानो व्यवसायतर्फ पनि अग्रसर हुँदै आइरहेका छन् । हरेक महिनामा उनीहरू सानै रकम भए पनि घर खर्चबाट बचत गरी महिनाको निश्चित दिन सबै महिलाहरू भेला भई रकम जम्मा गर्दछन् । उनीहरू उक्त जम्मा रकमको सदुपयोग उचित रूपमा गर्न एकआपसमा छलफल गर्दछन् र निष्कर्ष निकाल्छन् । (नगरपालिका प्रोफाइल, २०७२)

## १.२ समस्याकथन

कीर्तिपुर नगरपालिका स्थित वडा नं.२ मा पर्ने गल्छैं महिला समुह यस अध्ययनको कार्यस्थल हो । यस वडामा बसोवास गर्ने जम्मा जनसंख्या ७००० जसमध्ये पुरुषको संख्या ३४.४५ र महिलाहरूको संख्या ३६६५ रहेको छ । कीर्तिपुर नगर एक ऐतिहासिक नेवार वस्ती हो । वडा न २ मा पनि नेवार मानिसहरूको वाहुल्यता छ । नेपालका अरु स्थानहरू जस्तै यो समाज पनि पुरुषप्रधान समाज हो । यहाँ अझै पनि लैगिङ्ग विभेद रहेको पाइन्छ । यहाँको महिलाहरूको साक्षरता प्रतिशत न्यून रहेको छ । उच्च शिक्षा हासिल गर्ने महिलाहरूको संख्या निकै कम छ । यस वडामा मुख्य आयस्रोत कृषि, रोजगारी र स-साना व्यवसाय रहेको छ । त्रिभुवन विश्वविद्यालय ज्यादै नजिक भइकन पनि यहाँको महिलाहरू उच्च शिक्षा हासिल गर्न विश्वविद्यालय पुगेको कमै छ । महिलाहरू अझै पनि पुरुषको निर्णयमा निर्भर रहेको पाइन्छ । देशभरि फैलिदै आइरहेको माहिला अग्रनी, जागरण र सशक्तिकरणलाई आत्मासाथ गरि केही अग्रनी महिलाहरूको सक्रियाता एवं सवैको सहयोगले वि.सं. २०६५ सालमा गल्छैं महिला समूहको स्थापना गरे । यसरी महिलाहरू संगठित भएपछि समाजमा केही उल्लेखनीय परिवर्तन भएको पाइन्छ । महिलाहरूले आफ्नो सशक्तिकरणमा खेलेको उल्लेखनीय भूमिका गौण देखिरहेको सन्दर्भमा यो अध्ययनले परिवर्तनमा खेलेका भूमिका प्रष्ट पार्न कोसिस गर्नेछ । यो अध्ययनमा महिलाहरूका केही समस्याहरूको खोजमा केन्द्रित रहेको छ । (स्थलगत सर्वेक्षण, २०७२)

१) महिला साक्षरतामा किन कमी देखिएको होला ?

२) आर्थिक कारोबारमा किन महिला सहभागी न्यून भएको होला ?

३) महिलाहरू पुरुषको मातहतमा र कुनै निर्णय गर्नमा किन असहमर्थ देखिएको होला ?

४) महिला किन संगठित भएको होला ?

५) महिलाहरूको संगठनले महिला सशक्तिकरणमा के कस्ता प्रभाव पारेको छ ?

## १.३ शोधको उद्देश्य

महिला जागरण र सशक्तिकरणमा महिला समूहको भूमिका र प्रभाव शिर्षकमा यो अध्ययन केन्द्रित भएतापनि यो अनुसन्धानको सामान्य उद्देश्य यस प्रकार छन् :-

१) यस अध्ययनको सामान्य उद्देश्य कीर्तिपुर नगरपालिका वडा नं. २ स्थित गल्छैं महिला समुहमा आवद्ध महिलाहरूको आर्थिक, शैक्षिक र पारिवारिक स्थिति पत्ता लगाउने ।

२) गल्छैं महिला समूहको स्थापना गर्नुका कारणहरू पत्ता लगाउने ।

३) गल्छैं महिला समूहले महिला जागरण र सशक्तिकरणमा गरेका काम कारवाहीको विश्लेषण गर्ने ।

## १.४ अध्ययनको महत्त्व

नेपालमा महिलाहरू आर्थिक, सामाजिक, शैक्षिक स्तरले कस्ता छन् र महिला जागरणको स्थिति के कस्तो छ र महिला सशक्तिकरण तथा जागरणमा महिला समूहहरू, आमा समूह आदि संगठनहरूको भूमिका कस्ता रहेको छ भन्ने अनुसन्धान गर्नु जरुरी छ । समाजमा पुरुष र महिला एक महत्वपूर्ण पाटाका रूपमा रहेका छन् । समाजको उत्थान र विकासमा महिला तथा पिछडिएको महिलाको समेत भूमिका महत्वपूर्ण हुन्छ । महिलाहरूको सशक्तिकरणमा महिला समूहले पुऱ्याएको योगदान सैद्धान्तिक रूपले समाजशास्त्रीय रूपमा विश्लेषण गरिनु पर्ने हुन्छ । यो अध्ययन समाजशास्त्रीय रूपमा महिला सशक्तिकरण र लैङ्गिक अवधारणामा आधारित समाज परिवर्तनलाई अध्ययन गर्ने एक कडीको रूपमा रहेको पाइन्छ । यसका साथै यो अध्ययनले शैक्षिक र व्यवहारिक अवधारणलाई प्रष्ट्याएइको छ । यो गाउँमा कुनै

विकास निर्माण र सामाजिक संरचनासँग सम्बन्धित योजना लागु गर्न चाहने जो कोहीलाई यो अध्ययनले मद्दत गर्नेछ ।

यस अध्ययन आफैमा सैद्धान्तिक तथा व्यवहारिक रूपमा निकै महत्वपूर्ण रहेको छ । महिला सामूहिकरण र जागरणमा महिला संगठनहरूको योगदान ज्यादै महत्वपूर्ण रहेको छ र विशेषगरि महिला समुहहरूको स्थापना र विकाससँगै महिलाहरू आर्थिक, सामाजिक, राजनैतिक र विविध पक्षहरूमा समेट सचेत एवम् स्वावलम्बी हुँदै अगाडी बढिरहेको अवस्थामा यस अध्ययनले शैक्षिक अवधारणालाई प्रष्ट्याएको छ साथै सैद्धान्तिक तवरले मात्रै यस अध्ययन महत्वपूर्ण नभई व्यवहारिक रूपमा पनि निकै महत्वपूर्ण रहेको छ । कीर्तिपुर नगरपालिकाका महिलाहरूसँग सम्बन्धित केही योजना लागु गर्नुपर्ने भएमा वा निति नियमहरू बनाउन कुनै स्रोत चाहेमा यो अध्ययन निकै महत्वपूर्ण रहेको छ । महिला समुहको विकास र व्यवस्थापनमा पनि यस अध्ययनले ठूलो भुमिका खेल्दछ ।

## १.५ अध्ययनको सांगठनिक

यो अध्ययन पुस्तिकामा सात ओटा अध्यायहरू छन् । अध्याय एकमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्यहरू, अधययनको महत्व, अनुसन्धानको औचित्य र अनुसन्धानको सांगठनिक स्वरूप रहेका छन् । अध्याय दुईमा पूर्व साहित्यको विश्लेषणका साथै सैद्धान्तिक अवधारणाहरू रहेको छन् । अध्याय तीनमा अनुसन्धानको पद्धति र चौथोमा अध्ययन क्षेत्र र उत्तरदाताहरूको परिचयलाई प्रकाश पारेको छ । पाँचौमा र छैठोमा महिला सशक्तिकरणमा महिला समूहको भूमिकासँग सम्बन्धित विश्लेषण गरिएको छ र अन्तिम सातौमा निष्कर्ष, निचोड र सारांश राखिएको छ ।

# अध्याय - दुई

## सान्र्दभिक साहित्यको पुनरावलोकन

शब्दिक रूपमा सशक्तिकरण शब्द भित्र शक्ति पनि अर्न्तनिहित रहेकोले यसले शक्ति एवं शक्तिगत प्रकृयालाई जनाउँछ । महिला र पुरुष बीचमा रहेका विभेदलाई हटाउँदै न्याय र समानतामा आधारित समाजको निर्माण गर्ने विकास प्रकृया हो साथै लैङ्गिक समानताको प्रकृया हो । वास्तवमा सशक्तिकरण विकासको मुद्दा मात्र नभई लैङ्गिक मुद्दा पनि हो । यो, विभेद, दमन, शोषण विरुद्धको जागृति हो । आत्मनिर्रता र विश्वास बढाउने संयन्त्र हो, क्षमता विकास र सिर्जनशीलताको समुच्च रूप हो । सशक्तिकरण एउटा त्यस्तो प्रकृया हो जसले मानिसका अन्तर्निहित क्षमतालाई जागृत गराउँछ । यसले मानवीय जीवनलाई गतिशील बनाउँछ, मानिसलाई व्यताउँछ  । यो समाजमा रहेका कुसंस्कार, कुरीति, विंभदको अन्त्य गरी समानतातर्फ उन्मुख हुने प्रक्रिया हो । महिला र पुरुषवीच स्रोत र साधनमा रहेका असमानता, सामाजिक-साँस्कृतिक असमानता, विभेद तथा परम्परागत र अन्य समग्र सांगठिक स्वरूपलाई समनाता र न्यायिक रूपमा रूपान्तरण गर्ने प्रकृया हो । समाजमा परम्परादेखि नै महिलाहरू असमान अवस्थामा रहेका छन् । महिलामाथि विभिन्न किसिमका विभेदपूर्ण मुल्यमान्यता रहेका छन् । जुन महिलाको हक, हित, अधिकारको विपरित पक्षमा रहेका छन् । विकासका क्रियाकलाप लगायत सामाजिक तथा व्यवहारिक क्रियाकलापमा महिलामाथि गरिएको अपहेलनाका विरुद्धमा १९६० को दशकमा गरिएको महिलाबादी आन्दोलनले महिलावादी सिद्धान्तहरूको विकासमा महत्वपूर्ण भूमिका खेल्यो । महिला संशक्तिकरण सवालमा विभिन्न आन्दोलनहरू भएका छन् । भारत, अफ्रिका, चीनको अनौपनिवेशि नीतिले अमेरिकाको नागरिक अधिकार आन्दोलानलाई प्रभावित गऱ्यो । यसले औधोगिक राष्ट्रहरूको महिला आन्दोलनलाई अगाडी बढ्न सहयोग पुऱ्यो । त्यसैगरी विसौं शताब्दीको पछिल्लो मध्य तिर देखा परेको परनिर्भरता विरोधी धारणा तथा स्वतन्त्रताको सिद्धान्तले शिक्षा क्षेत्रमा प्रभाव पऱ्यो । यसैगरी अमेरिका र ल्याटिन अमेरिकाका नागरिक अधिकार, नारीवाद, शिक्षा, सामुदायिक संगठन, स्वतन्त्रता

आदिपक्षले सामूदायिक, मनोविज्ञान, सामुदायिक सामाजिक कार्य प्रभाव पर्‍यो र सशक्तिकरणको परिभाषा गरियो । (अर्याल, २०६८)

चौलागाई, पोखरेल र सापकोटा (२००५) का अनुसार सशक्तीकरण शब्द सन् १९८० को दशक यता धेरै प्रचलित हुँदै आएको, विशेष गरी महिला उत्थानका लागि सङ्घर्षरत महिलाहरूले यसलाई अघि बढाएको बताएका छन् । विभिन्न सामाजिक शोषण र कुसंस्कारले ग्रसित महिलाहरूलाई मुक्ति दिलाउने उद्देश्यले सशक्तीकरण शब्दको प्रयोग भएको पाइन्छ । त्यसैले सशक्तीकरण कार्यक्रममा महिलाहरूभित्र रहेका हीन भावनाहरू हटाउने तथा त्यस्ता हीन भावनाहरू जन्माउने संस्थाहरूमा परिवर्तन ल्याउने खालका गतिविधिहरू समावेश भएको देखिन्छ । यस अर्थमा मौनताबाट मुक्त भई सक्रिय आवाज उठाउन सक्ने सक्षम महिला जन्माउनु नै सशक्तीकरण हो (क्रेसवर्ग सन् १९९२) ।

नेपालको तीन बर्षिय अन्तरिम योजना (२०६४/६५-२०६६/६७) मा उल्लेख भए अनुसार नेपालमा महिलाको सशक्तिकरण सुचक त्यती सन्तोषजनक छैन । जस अनुसार भनिएको छ । नेपालमा लैंगिक सशक्तिकरण सुचाङ्क ०.३९१ रहेको छ । योजना अवधिभर यो दरलाई ०.४५० पुर्‍याउने लक्ष्य राखिएको पाइन्छ । योजना समाप्त भइसकेको सन्दर्भमा यसको विस्तृत समिक्षा हुन बाँकी छ । नेपाल मानव विकास प्रतिवेदन २००९ मा उल्लेख भए अनुसार नेपालको लैंगिक सशक्तिकरणको सुचांक ०.४९६ रहेको छ । यसै समयमा यो दर शहरमा ०.५२७ र ग्रामिण क्षेत्रमा ०.४७४ रहेको छ । यो लैंगिक सशक्तिकरण सूचक हिमाल, पहाड र तराइमा क्रमसँग ०.४६८, ०५१५ र ०.४६९ रहेको छ । सन् २००८ मा भएको संविधान सभाको निर्वाचनमा महिलालाई गरिएको आरक्षणका कारण यो सूचक ०.५८१ पुगेको देखाइएको छ । त्यस निर्वाचन पछि हिमाल, पहाड र तराइमा यस प्रकारको सूचक क्रमसँग ०.४८९, ०.६०१ र ५६२ रहेको छ । नेपालको त्रि-बर्षिय अन्तरिम योजना ( २०६७/६८-२०६९/७०) मा जनाइए अनुसार नेपालको लैंगिक विकास सूचांक ०.५४५ र लैंगिक सशक्तिकरण मापक ०.४९६ रहेको देखिन्छ । (केन्द्रीय तथ्यांक विभाग, १९९१, १९९६ निर्वाचन आयोग १९९१)

सन् १९९५ को मानवीय विकास प्रतिवेदनमा प्रस्तावित महिला सशक्तिकरणको मापदण्डले महिलाको बञ्चितलाई अर्को थप दृष्टिकोणबाट हेर्ने जमर्को छ । महिला सशक्तिकरणको मापदण्डले आर्थिक, राजनैतिक र व्यवसायिक क्षेत्रमा महिलाहरुको सहभागिताको किसिम र मात्रालाई महिला सशक्तिकरणको घोटकको रुपमा लिएको छ । महिला सशक्तिकरणको मापदण्डमा आयलाई आधारभुत मानवीय सामर्थ्य प्राप्तीको साधनको रुपमा लिइएको छैन । एउटा आर्थिक शक्तिको स्रोतको रुपमा लिइएको छ । त्यस्तै प्रशासकीय वा व्यवस्थापकीय र व्यवसायिक पेशामा महिलाको अनुपातले पेशागत अवसरहरुमा महिलाको पहुँच र आर्थिक निर्णयको प्रक्रियामा उनीहरुको सहभागिता अङ्गित गर्छ भने संसदमा महिलाको राजनीतिक अवसरहरुमा महिला पहुँच र राजनीतिक निर्णय प्रक्रियामा महिला सहभागिता दर्शाउँछ । (यू.एन.डि.पी., १९९५)

सशक्तिकरण त्यस्तो प्रक्रिया हो जसमा समुदायका शक्ति, क्षमता, आत्मविश्वास तथा पहुँच नहुनेहरुका लागि शिक्षा, चेतना तथा अधिकार र अवसरहरु प्रदान गरी क्षमताको अभिवृद्धि गरिन्छ । समुदायमा महिला, जनजाति तथा दुर्गम क्षेत्रमा व्यक्तिहरु विभिन्न कारणले शसक्त हुन सकेका छैनन् । जसका कारण उनीहरुलाई आफ्ना अधिकारका बारेमा थाहा छैन, क्षमता छ तर प्रयोग गर्न सकेका छैनन् । यहि अशक्ततालाई ज्ञान, सिप, हिम्मत, शिक्षा, अधिकार तथा अवसर प्रदान गर्ने प्रक्रियालाई सशक्तिकरण भनिन्छ । समुदायमा महिलाहरुले कतिपय सन्दर्भमा अधिकार र अवसरलाई प्रयोग गर्न सकेका छैनन । त्यसैकारण महिला सशक्तिकरणको आवश्यकता देखिएको छ । सामाजिक न्यायबाट बञ्चिक तथा पुरातन दासता र मान्यताले दविएका महिलाहरुलाई अधिकार तथा अवसर प्रयोग गर्न सक्ने बनाउने समग्र प्रक्रियालाई महिला सशक्तिकरण भनिन्छ । समुदायमा महिलाहरुलाई आर्थिक, सामाजिक, राजनैतिक तथा मनोवैज्ञानिक क्षेत्रमा सक्रिय, सक्षम र पहुँचवाल बनाउने प्रक्रिया यस अन्तर्गत पर्दछ । समग्रमा भन्ने हो भने समुदायमा महिलालाई प्रत्येक कार्य गर्न सक्ने बनाउन थालिने सवलीकरणका प्रक्रियालाई महिला सशक्तिकरण भनिन्छ । यद्यपि समुदायमा महिलाहरु मात्र सशक्तिकरण गर्नुपर्ने पक्षहरु भन्ने गलत

हुन्छ । समुदायका विपन्न दमित, पिछडिएका अशक्त तथा सुविधा विहिन वर्ग चाहे ती पुरुष हुन् या महिलाहरु हुन तीनलाई सवलीकरण गर्न आवश्यक छ । यद्यपि लैंगिक अध्ययनमा महिलाको सशक्तिकरणलाई बढी जोड दिएको हुन्छ । किनकी महिलाहरु पछि परेका छन् । तर पुरुषको सशक्तिकरण बिना पनि महिलाको समग्र विकास हुन सक्छ भन्ने मान्यता पनि त्यतिकै गलत छ । यसैले लैंगिक अध्ययनमा महिला पुरुष दुवैलाई जोड दिनु आवश्यक छ । (आचार्य, २०७१)

महिला सवलीकरणका लागि शिक्षा, तालिम, उद्यम विकासका लागि ऋण जस्ता सुविधा पुऱ्याउन सकिएमा र यस्ता कार्यक्रमलाई सरकार, नागरिक समाज र गैर सरकारी संस्थाले एकिकृत रुपमा अघि सार्न सकिएमा महिला सशक्तिकरणमा ठोस टेवा मिल्दछ । महिला सशक्तिकरणका लागि महिलाहरु नै बढी क्रियाशील, सचेतन र जिम्मेवार हुनु आवश्यक छ । महिलाहरुबीच नै अनुभव, सिप र ज्ञानको आदानप्रदान गरी त्यसलाई एकिकृत रुपमा कार्यमा परिणत गर्नुपर्दछ । यसका साथै समाजका सबै वर्ग, तह र समुदायको सकारात्मक दृष्टि र सहयोग आवश्यक छ । राज्य यसका लागि अभिभावक संस्थाका रुपमा क्रियाशील हुनुपर्दछ जसले अनेकौं गैरसरकारी संस्थाको प्रयासलाई लक्ष्यउन्मुख र परिणाममुखी बनाउनु पर्दछ । महिला सशक्तिकरणका लागि उनीहरुको पहुँच, चेतना, आत्मविश्वास तथा नियन्त्रण बढाउन नागरिक, समाज, परिवार र सरकारी तथा गैर सरकारी संस्थाले समन्वयात्मक भुमिका निर्वाह गर्नुपर्दछ । सामाजिक विकासको क्रियामा विकासको मुल प्रवाहमा आउन नसकेका वर्ग मध्ये महिलाहरु पनि एक भएका कारण समग्र विकासको लक्ष्य पनि महिलाको यथोचित विकास बिना सम्भव छैन । समाजको आधा हिस्सा ओगट्ने महिलाको विकास भनेको समग्र समाजको ने विकास भएकोले महिलाको विकासलाई प्राथमिकता दिनु वान्छनीय हुन्छ । (आचार्य, १९९७)

कीर्तिपुर नगरपालिका स्थित विभिन्न महिला समूहरूले विभिन्न सामाजिक क्रियाकलापहरूमा भाग लिनुको साथै विभिन्न आयमूलुक कार्यहरूमा सहभागी हुने गर्दछन् भने विभिन्न महिलासमुहको एकिकृत भेला मार्फट उनीहरूले आफ्ना विभिन्न सामाग्रीहरू, स्लटहरू राखी आफ्नो सामर्थ्य समेट देखाउने गरेका छन् । उधमी महिला

अन्तर्क्रिया जस्ता कार्यक्रमहरू समेट आयोजना हुने गर्दछन् । वि.सं. २०७२ माघ २५ गते सोमबार नेपाल सरकार उघोग मन्त्रालय घरेलु तथा सना उघोग विकास समिति त्रिपुरेश्वरको आयोजनामा एकदिने सफल महिला उघमीको अनुभव एवं सल्लाह र सुझाव विषयक अन्तर्क्रियात्मक कार्यक्रम सम्पन्न भयो । वेरोजगार महिला दिदी बहिनीलाई रोजगारी प्रदान गर्ने खालका विभिन्न सीपमुलक तालिमहरू माग र आवश्यकताको आधारमा संचालन गर्ने उद्देश्यले संचालन गरिएको सो कार्यक्रममा सफल उद्यमी सविता उप्रेरतीले आफ्नो अनुभव सुनाई सहभागी महिलाहरूलाई उत्पेरित गर्नुभयो । कार्यकारी निर्देशक निलम ताम्राकारको सभापतित्वमा भएको सो कार्यक्रममा नेकपा एमाले केन्द्रीय सदस्य सुरेन्द्रे मानन्धर, कायकारी उपनिर्शिक नारायणी लामिछाने अतिथिका रूपमा उपस्थित रहनभएको थियो । (कीर्तिपरु दर्पण, २०७२)

विगतदेखि वर्तमानसम्म महिलावादका सम्बन्धमा विभिन्न विचार, अवधारणा उपागम तथा सिद्धान्तहरू देखा परेका छन् । ती मध्ये समसामयिक महिलावादी सिद्धान्तले सामाजिक र मानवीय अनुभवहरूको विकासका क्रममा देखा परेका व्यापक तहका विचारहरूको महिला केन्द्रित दृष्टिबाट प्रष्ट्याउने प्रयास गरेको छ । नेपालमा इतिहासदेखि महिला विभिन्न पक्षबाट, शोषित र पीडित हुँदै आएका छन् । विभिन्न कुसंस्कार र वेथितिको शिकार बन्दै आएका छन् । आर्थिक राजनीतिक, सामाजिक आदि क्षेत्रको मूल प्रवाहबाट बाहिर रहेका छन् । महिला आन्दोलनको कुरा गर्दा एकिकरण अभियानमा जुटेका राजेन्द्र लक्ष्मी, राजराजेश्वरी, सुवर्णप्रभा आदिको साहसिक पृष्ठभूमिलाई विर्सन सकिन्न । संस्थागत रूपमा १९१७ देखि महिला आन्दोलनको शुरुबाट भएको हो । सन् १९४८ सालमा मंगलादेवी सिंहको अध्यक्षतामा काठमाडौंमा "नेपाल महिला संघ" को गठन भयो । नेपाल महिला संघ र आदर्श महिला समाज दुवैले राणा शासनका विरुद्ध उत्रने प्रयास गरेका थिए । २००७ सालको परिवर्तनपछि पहिलोपटक गठन गरिएको ३५ सदस्यीय सल्लाहकार सभामा एकजना महिला नरहेकोले महिला प्रतिनिधित्वको लागि आन्दोलन भयो । वि.सं. २०४६ को जनआन्दोलन पछि खुला राजनीतिक वातावरणमा विभिन्न महिला दलहरू स्थापना भए

। सन् १९९२ मा सहाना प्रधानको अध्यक्षतामा महिला सुरक्षा दवाव समूहको स्थापना भयो । महिला शिक्षालाई विस्तार एवं सशक्ति गर्ने ध्येयले सन् १९९२ मा शिक्षा मन्त्रालय अन्तर्गत महिला शिक्षा इकाइको स्थापना गरियो । स्थानीय स्वायत्त शासन ऐन २०५५ ले स्थानीय निकायका वडाहरूमा एकजना महिला सदस्य तथा परिषद्मा पनि महिला सदस्य हुनुपर्ने अनिवार्य व्यवस्था गऱ्यो । वि.सं. २०६२।६३ सालको जनआन्दोलन भाग २ ले २३८ वर्ष राजतन्त्रात्मक व्यवस्था अन्त गरी इतिहासमा नयाँ पहिचान राखेको छ । यस आन्दोलनमा महिला नेतृत्व र महिलाहरूको सहभागितालाई साहसिक योगदानको रूपमा लिन सकिन्छ । अन्तरिम संविधान २०६३ ले महिलाको भेदभाव विरुद्धको हक, प्रजनन्, स्वास्थ्य सम्बन्धी हक, हिंसाविरुद्धको हक, पैतृक सम्पत्रिको व्यवस्था गरेको छ । यसरी महिला सशक्तिकरण र जागरणको इतिहासमा महिला संघर्षलाई ठूलो मान्न सकिन्छ । (अर्याल, २०६७)

महिला सशक्तिकरणसँग सम्बन्धित विभिन्न अध्ययनहरू गरिएको छ । महिलाहरूका अध्ययनका विषयमा समाजशास्त्री, मानवशास्त्री लगायत अन्य विद्वानहरूको योगदान महत्वपूर्ण रहेको पाइन्छ । नेपालको कुल जनसंख्यामा करीब ५१ महिला रहेको र महिला जनसंख्याको २० जनसंख्या दलित महिलाहरू रहेको छ । महिला सशक्तिकरणको आन्दोलको उद्गम भारत, अफ्रिका र चीनको औपनिवेशिक नीतिले अमेरिकाको नागरिक अधिकार आन्दोलनलार्य प्रभावित गऱ्यो । यसले औद्योगिक राष्ट्रहरूको आन्दोलनलाई अगाडी बढ्न सहयोग पुऱ्यायो । त्यसैगरी वीसौं शताब्दीको पछिल्लो मध्यतिर देखापरेको परनिर्भता विरोधी धारणा तथा स्वतन्त्रताको सिद्धान्तले शिक्षा क्षेत्रमा प्रभाव पाऱ्यो । यसरी अमेरिका र ल्याटिन अमेरिकामा नागरिक अधिकार, नारीवाद शिक्षा, सामुदायिक संगठन, स्वतन्त्रता आदि पक्षले सामुदायिक मनोविज्ञानको पृष्ठभूमि सिर्जना भयो । भारत तथा अफ्रिकामा विविध कार्यले अन्तराष्ट्रिय तहमा गैरसरकारी संस्था तथा महिलावादी कार्यकर्ता देखापरे, एशिया, अफ्रिका र ल्याटिन अमेरिकामा देखा परेका दाता संगठन एवम् तल्लो तहका संगठनहरूले दमन तथा बञ्चिततालाई जोड दिदै महिला सशक्तिकरण क्रियाकलापलाई जोड दिइयो । महिला आन्दोलन लामो भएतापनि आजसम्म पनि समाजमा लैङ्गिक विभेदको समस्या

जल्दोबल्दो रूपमा रहिरहेको छ । वर्तमान समयमा आधा आकाश ओगटेका नारीहरू समाजमा दोस्रो दर्जाको नागरिकका रूपमा बाँच्न विवश छन् । त्यो सबै पितृसताको उपज हो भन्न सकिन्छ । विश्व परिवेशमा महिलावादीको शुरुवात इनलाइटमेन्टको समयदेखि नै भएको पाइन्छ । (चौलागाई, २०६०)

# अध्याय - तीन

# अध्ययन विधि

## ३.१ अध्ययन क्षेत्र छनोटको औचित्य

मुलुकको विकास, प्रगति र जागरणमा दुवै पुरुष र महिला समान रूपले हुनु जरुरी छ तर हाम्रो देश नेपालमा अझै महिलाहरूको स्तर पुरुष समान हुन सकिरहेको छैन । विशेष गरी महिलावगीर्य रूप अझै पनि सामाजिक, आर्थिक, शैक्षिक रूपमा पछाडि नै छन् । तर महिला जागरणमा थुप्रै संघसंस्थाहरू, विभिन्न एन.जि.ओ., आइ.एन.जि.ओ. हरू समेत लागि परेका छन् र सोचे अनुरूप परिवर्तन भने हुन सकिरहेको छैन ।

मैले अध्ययन गर्न लागेको क्षेत्र कीर्तिपुर नगरपालिका स्थित रहेको वडा नं. २ स्थित गल्छैं महिला समूहको महिलाहरूको सामाजिकीकरण र जागरणसँग सम्बन्धित कमी कमजोरीहरू, महिला दिदीबहिनीहरूको सोच, महिला समूहको स्थापना पछि आएका सकारात्मक परिवर्तन र महिला जागरण कीर्तिपुर स्थित विभिन्न टोलटोलमा रहेका महिला समूहहरूको संगठित प्रयास र यसको सकारात्मक परिवर्तनसँग सम्बन्धित छ ।

## ३.२ अनुसन्धानको ढाँचा

कुनै पनि सत्य तथ्यको नजिक पुग्नको लागि शोधकर्ताले अनुसन्धानको क्रममा वैज्ञानिक अध्ययन पद्धतिलाई अपनाउनु पर्ने हुन्छ । यस अध्ययनका लागि वर्णनात्मक र विश्लेषणात्मक विधि प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ । यस अध्ययनको लागि सम्बन्धित व्यक्तिसँग सोधपुछ गरी तथ्यपूर्ण जानकारी हासिल गरेर घटनाको विश्लेषण गरिएको छ । यो अध्ययनमा वर्णनात्मक तरिकाबाट गल्छैं महिला समूहका महिलाहरूको सामाजिक, शैक्षिक स्तर र आर्थिक अवस्था र जागरण पक्षको वर्णन गरिएको छ । यसरी यस अनुसन्धानमा वर्णनात्मक र विश्लेषणात्मक दुवै विधि प्रयोग गरिएको छ ।

## ३.३ तथ्याङ्कको प्रकृति र स्रोत

यस अध्ययनमा तथ्याङ्कहरू गुणात्मक र सङ्ख्यात्मक दुई प्रकारका छन् । यस शोधमा प्राथमिक र द्वितीय दुवै श्रोतहरूबाट तथ्याङ्कहरू सङ्कलन गर्ने प्रयास गरिएको छ । तथ्याङ्कहरू सङ्कलन गर्ने क्रममा प्राथमिक श्रोतलाई महत्त्वपूर्ण मानिन्छ । जस्तेः सम्बन्धित ठाउँमा नै गएर अवलोकन प्रश्नावली र अन्तर्वार्ताबाट तथ्याङ्कहरू सङ्कलन गरिनेछ र यी श्रोतको नै सहायता लिइ यो शोधकार्य पूरा गरिएको छ । तथ्याङ्कहरू सङ्कलन गर्ने क्रममा द्वितीय स्रोत पनि महत्त्वपूर्ण हुन्छ । यसमा विभिन्न पत्रपत्रिकामा लेखिएका लेखहरू, फेसबुकमा लेखेका, लेखहरू, विभिन्न पुस्तकहरू आदि पनि लिइएको छ ।

## ३.४ नमुना छनोट विधि

यो अध्ययनका लागि अध्ययन क्षेत्र कीर्तिपुर नगरपालिका स्थित वडा नं. २ मा अवस्थित गल्छैं महिला समुह रहेको छ । यो अध्ययनका लागि अध्ययन क्षेत्रमा रहेका जम्मा ८० महिला सदस्यहरू नमुनाको रूपमा छनौट गरिएका छन् । नमुना छनौटमा परेका प्रत्येक महिलाहरू उत्तरदता रहेका छन् । यो अध्ययनका लागि मुख्य सुचक (Key Informents) को रूपमा गल्छैं महिला समुहका अध्ययन कोषाध्यक्ष, वडा सजिब, सामाजिक कार्यकर्ता, महिला समूहका सक्रिय सदस्यहरू रहेका छन् । उपयुक्त प्रश्नावली, अन्तवार्ता मार्फत सूचना संकलन गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन विधि

यस शोध कार्यमा द्वितीय स्रोतबाट प्राप्त तथ्याङ्कका अतिरिक्त प्राथमिक स्रोत र सामग्रीलाई समेत सूचना सङ्कलनका निम्ति महत्त्व दिइएको छ । त्यसैले प्राथमिक सङ्कलन गर्दा अवलोकन, अन्तर्वार्ता, प्रश्नावली, जानकार व्यक्तिसँग छलफल आदि जस्ता विधिलाई अधिक मात्रामा प्रयोगमा ल्याइएको छ । त्यस्तैगरी नमुना छनोटमा परेका ८० जना महिलाहरूबाट यस अध्ययनको लागि आवश्यक विभिन्न जानकारी र तथ्याङ्क सङ्कलन गर्ने कोशिस गरिएको छ ।

## ३.६ तथ्याङ्कको स्रोत र प्रकृति

अध्ययनको आवश्यकता अनुसार प्राथमिक र द्वितिय दुवै खालका तथ्याङ्कहरूको उपयोग गरिएको छ । प्राथमिक तथ्याङ्क र अध्ययनसँग सम्बन्धित तथ्याङ्क संकलन अवलोकन, अर्न्तवार्ता, प्रश्नावली,जानकार व्यक्तिसँग छलफल आदि विधिद्वारा तथ्याङ्क संकलन गरिएको छ । तथ्याङ्कहरू संख्यात्मक र गुणात्मक दुवै छ । प्रत्येक महिला सदस्यहरू मुख्य उत्तरदाताको रूपमा, मुख्य सूचना दातााको अर्न्तवर्ता, छलफल, आदिबाट प्राथमिक तथ्याङ्क र विभिन्न पुस्तक, प्रकाशित सामाग्रीहरूबाट प्राप्त तथ्याङ्कहरू द्वितीय तथ्याङ्कको रूपमा रहेका छन् ।

### क) अन्तर्वार्ता अनुसूची

विभिन्न प्रश्नहरूको माध्यमबाट यस गल्छैं महिला समूहको बारेमा विभिन्न तथ्याङ्क सङ्कलन गर्ने उद्देश्यले महिलाहरूको सामाजिक पक्ष, आर्थिक पक्ष, शैक्षिक स्तर आदिको बारेमा जान्ने कोशिस गरेको छ । महिलाहरूको सोचमा कतिको परिवर्तन देखा परेको छ । प्रश्नावली मार्फत् महिलाहरूलाई उनीहरूको सामाजिक दायित्व, पारिवारिक जिम्मेवारी, कर्तव्य, आर्थिक पक्ष, सचेतना सम्बन्धी विविध पक्षहरू सम्बन्धी विभिन्न प्रश्नावली तयार पारी तथ्याङ्क सङ्कलन गर्ने कोशिस गरेको छ ।

### ख) समुहगत छलफल

अध्ययन क्षेत्रका भएका महिलाहरूको समूहले गर्ने विभिन्न क्रियाकलापका साथै उनीहरूको नियमित वैठकहरू समेट उपस्थित भएर उनीहरूसँग छलफल तथा अनौपचारिक छलफल र कार्यकारीणी समितिको पदाधिकारीहरूसँग समेट छलफल गरिएको छ ।

## ३.७ अध्ययनको सीमा

कीर्तिपुर नगरपालिका स्थित सम्पूर्ण महिला समूहहरूको अध्ययन गर्न गाह्रो भएकोले वडा नं. २ स्थित गल्छैं महिला समूहको सामाजिक, आर्थिक र शैक्षिक पक्षको जानकारी र महिला समूहमा आवद्ध भएपछि महिला सशक्तिकरण र जागरणमा महिला समूहको टेवा सम्बन्धी अध्ययन गरिएको छ । यस अध्ययनको सीमा यस प्रकार छ ।

१. यस अध्ययनको क्षेत्र मुख्य रूपमा कीर्तिपुर स्थित वडा नं. २ मा नै सीमित रहेको छ ।

२. अध्ययनको लागि यस गल्छैं महिला समूहमा आबद्ध महिलाहरू ८० मध्ये १० जना महिलाहरूको नमुना छनोट विधिबाट अध्ययन गरेको छ ।

३. यस महिला समूहमा आवद्ध महिलाहरूको सामाजिक, आर्थिक र शैक्षिक पक्षको बारेमा अध्ययन केन्द्रित छ ।

४. यस अध्ययनले सम्पूर्ण कीर्तिपुरका महिलाहरूको प्रतिनिधित्व गर्छ भन्न पनि सकिँदैन ।

# अध्याय -चार

# अध्ययन क्षेत्रको परिचय

## ४.१ अध्ययन क्षेत्रको भौतिक तथा सांस्कृतिक पक्ष

ऐतिहासिक नगर कीर्तिपुर नगरपालिकामा जम्मा १२ वटा वडाहरूमध्ये वडा नं. २ स्थिति गल्छैं महिला समुह यस अध्ययनको अध्ययन क्षेत्र हो । कीर्तिपुर नगरपालिकाको कुल क्षेत्रफल १४.७६ वर्ग कि.मी रहेको छ । वि.सं २०११ को जनगणना अनुसार यस क्षेत्रको जनसंख्या ६७,१७१ रहेको छ । किपु एक ऐतिहासिक नगर जुन काठमाडौंको ५ किलोमिटरको दक्षिण पश्चिममा अवस्थित छ । उपत्यकामा जम्मा ५ वटा नगरपालिकामध्ये कीर्तिपुर पनि एक हो । (कीर्तिपुर नगरपालिका जनसंख्या तथ्यांक, २०७१)

यो अध्ययन क्षेत्रभित्र विभिन्न वडाहरूमा विभिन्न महिलासमुहहरू स्थापना भएको पाइन्छ । वडा नं २ स्थिति गल्छैं महिलाको स्थलगत अध्ययनको क्रममा यस वडामा जम्मा ७००० जनसंख्या जसमध्ये पुरुषको संख्या ३४४५ र महिलाको संख्या ३६६५ रहेका छन् ।

**तालिका ४.१**

**लिंगको आधारमा जनसंख्याको विवरण**

| लिंग | संख्या | प्रतिशत |
|---|---|---|
| महिला | ३४४५ | ४९.२१ |
| पुरुष | ३६६५ | ५२.३५ |
| जम्मा | ७००० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

यो अध्ययन क्षेत्रका मानिसहरूको मुख्य पेशा कृषि, नोकरी, व्यापार आदि हो । यहाँका पुरुषहरू केही वैदेशिक रोजगारीमा छन् भने कोही व्यापार व्यवसायमा संलग्न

भएको पाइन्छ । यहाँका मुख्य खाद्य वस्तु धान, मकै, गहुँ, आलु, सागसब्जी र तरकारी आदि हुन् । यस अध्ययन क्षेत्रमा नेवार समुदायको वाहुल्यता रहेको छ । नेवार जातीमा पनि विशेष गरी महर्जन थर भएका मानिसहरू एक संगठित भई बसोबास गरिरहेको पाइन्छ । यस क्षेत्रमा एक सरकारी स्कूल, केही नीजी स्कुलहरू पनि छन् । यस वडाको ज्यादै नजिक त्रिभुवन विश्वविद्यालय पर्दछ । यस वडाका मानिसहरू संचार साधनका विभिन्न साधनहरू मोवाइल, टेलिफोनको प्रयोग गरेको पाइन्छ ।

सांस्कृतिक पक्षको कुरा गर्दा सांस्कृतिक रूपमा यो वडा मानिसहरू ज्यादै धनी देखिन्छ । नेवारी परम्परा, संस्कृति, शैली अनुरूप मानिसहरूको चालचलन देखिन्छ । नेवारी भाषा नै मुख्य वोलीचालीको भाषा हो तर नेपाली भाषामा पनि अन्तरक्रिया गर्न सक्षम छन् । अध्ययनको क्रममा महिलाहरू जम्मा भएको बेला सबै महिलाहरूसँगको छोटो अन्तरक्रियाबाट यस वडामा हालै थुप्रै सामाजिक कामहरू समेत हुँदै आइरहेको र विभिन्न सामाजिक कार्यहरूमा महिला समुहको सक्रियताबारे पनि थुप्रै कुराहरू जान्न पाइयो ।

## ४.२ उत्तरदाताहरूको जनसांख्यिकीय जानकारीहरू

यो अध्ययनको उद्देश्य अनुरूप यस गल्छैं महिला समुहको स्थलगत भ्रमण तथा उत्तरदाताहरूसँगको प्रत्यक्ष अर्न्तवार्ताबाट विभिन्न कुराहरूको जानकारी हासिल गर्न सफल भएको छ । यो नेवार वस्ती हो । यहाँका उत्तरदाताका रूपमा रहेका महिलाहरूको बारेमा केही सामान्य सुचनाहरूलाई तल व्याख्या गरिएको छ :

### ४.२.१ उत्तरदाताहरूको जातीय विवरण

अध्ययन क्षेत्रमा सबै महिलाहरू एकै जातिका रहेको पाइयो । कीर्तिपुर नगरपालिका स्थिति वडा न. २ को गल्छैं महिला समुहमा जम्मा ८० घरधुरीहरूमध्ये सबै घरधुरीहरू सबै नै महर्जन अथवा नेवार जातिको रहेको पाइयो ।

### ४.२.२ उत्तरदाताहरूको पारिवारीक आकार

यस क्षेत्रमा पनि नेपालका अन्य ग्रामीण क्षेत्रहरू जस्ते दुई प्रकारका परिवारहरू रहेको पाइन्छ । यसरी रहेका एकल र संयुक्त परिवारको संख्यालाई निम्न तालिकामा देखाइएको छ :

**तालिका ४.२**

**परिवारको किसीम**

| परिवारको किसिम | संख्या | प्रतिशत |
|---|---|---|
| एकल | ५० | ६२.५ |
| संयुक्त | ३० | ३७.५ |
| जम्मा | ८० | १००.० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२

यसरी हेर्दा अध्ययन क्षेत्रभित्र संयुक्त परिवारको रूपमा सासु, ससुरा, दाजुभाईसँग सगोलमा बस्ने महिाहरूको संख्या ३० जना अर्थात् ३७.५ प्रतिशत पाइयो भने एकल रूपमा आफ्नो श्रीमान र छोराछोरीसँग मात्रैको परिवारमा बस्ने ५० जनाको संख्या अर्थात् ६२.५ प्रतिशत पाइयो । यहाँ संयुक्तभन्दा एकल परिवार थुप्रै पाइयो । शहरीकरणको वढि प्रभाव यहाँ देखिन्छ ।

**तालिका ४.३**

**उत्तरदाताको परिवारको संख्या**

| परिवारको संख्या | संख्या | प्रतिशत |
|---|---|---|
| ४ जनासम्म | ४५ | ५६.२९ |
| ५-१० सम्म | २० | २५.०० |
| ११ भन्दा बढी | १५ | १८.७५ |
| जम्मा | ८० | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२

माथिको तालिका ४.४ को आधारमा सबैभन्दा बढी ४ जनासम्मको परिवार संख्या रहेको पाइयो त्यस्तैगरी सबैभन्दा कम ११ जना भन्दा बढी परिवारहरूमा १५ जनासम्मको परिवार संख्या रहेको पाइयो । यसबाट के भन्न सकिन्छ भन्ने गल्छैं महिला समूहमा एकल अथवा ४ जनासम्मको परिवारको वाहुल्यता रहेको पाइयो । सानो र सुखी परिवार रहेको पाइयो ।

### ४.२.३ उत्तरदाताहरूको उमेरगत समूह

यस गल्छैं महिला समुहका महिला सदस्यहरू प्राय विवाहित छन् भने कोही अविवाहित पनि छन् । तर सबै महिलाहरू २१ वर्षभन्दा बढी उमेर भएका महिलाहरू छन् तर विभिन्न उमेर समुहका महिलाहरू यो समुहमा आवद्ध रहेको पाइन्छ जसलाई तालिकामा देखाउन सकिन्छ :

**तालिका ४.४**

**उत्तरदाताको उमेर समूह**

| उमेर समूह | संख्या | प्रतिशत |
|---|---|---|
| २० देखि ३० वर्ष | ५ | ६.२५ |
| ३० देखि ५० वर्ष | ६० | ७५.०० |
| ५० देखि ८० वर्ष | १५ | १८.७५.०० |
| जम्मा | ८० | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२

उत्तरदाताहरूको उमेर समुहसम्बन्धी माथिको चित्रलाई हेर्दा जम्मा १८.७५ प्रतिशत उत्तरदाताहरू परिपक्क अर्थात ६० वर्षभन्दा बढी उमेर समुहको पाइन्छ । २१ वर्षदेखि ३० वर्षसम्मको महिलाहरूको संख्या ५ जना अर्थात. ६.२५ प्रतिशत रहेको पाइन्छ भने ३१ देखि ६० सम्मको महिलाहरूका संख्या ६० जना अर्थात् ७५ प्रतिशत रहेका पाइयो । यहाँ २१ वर्षभन्दा मुनिका महिलाहरू उत्तरदाताको रूपमा भेटिएका छैनन् ।

### ४.२.४ उत्तरदाताहरूको शैक्षिक स्थिति

कीर्तिपुर नगरपालिकाको रूपमा विकास भइसकेको अवस्था तथा त्रिभुवन विश्वविद्यालयको नजिकै भए पनि महिलाको शैक्षिक स्तर उच्च छैन । नेवार जाती बसोबास स्थल यस गल्छैं महिला समुहका महिलाहरूको साक्षरता स्थिति निम्न तालिकामा देखाउने प्रयास गरिएको छ :

**तालिका ४.५**

**शैक्षिक स्थिति**

| शैक्षिक स्थिति | संख्या | प्रतिशत |
|---|---|---|
| निरक्षर | ३ | ३.७५ |
| साक्षर | ५२ | ६५.०० |
| एस.एल.सी. | २० | २५.०० |
| उच्च शिक्षा | ५ | ६.२५ |
| जम्मा | ८० | १००.०० |

स्रोत: स्थलगत सर्वेक्षण, २०७२

माथिको तालिका ४.५ लाई हेर्दा अध्ययन क्षेत्रमा महिलाहरूको शैक्षिक स्तर राम्रो मान्न सकिँदैन । निरक्षर महिला संख्या ३.७५ प्रतिशत रहेको पाइयो भने साक्षरता प्रतिशत ६५ प्रतिशत रहेको पाइयो । एस.एल.सी. भन्दा कम शिक्षा हासिल गर्ने महिलाहरूको संख्या २० अर्थात् २५ प्रतिशत रहेको पाइयो । उच्च शिक्षा हासिल गर्ने महिलाहरू धेरै संख्यामा छैनन् तर शैक्षिक लहर भने यहाँका महिलाहरूमा छाएको पाइयो । शैक्षिक महत्वको महसुस सबैमा देखिन्छ ।


### ४.२.५ उत्तरदाताहरूको मुख्य पेशा

खास गरी टोलमा महिलाहरू प्राय गृहिणी छन् तर घरायसी काम सकेपछि भने केही आयमुलक कामहरूमा प्राय महिलाहरू संलग्न रहेको पाइयो जस्तै: हस्तकलाको

काम विशेष गरी बुनाइ गर्ने, टोपी बुनाइ, मोजा, स्वीटर बुनाइ, कपडा बुनाइ आदि काममा उत्तरदाताहरू संलग्न छन् ।

**चित्र ४.१**

**उत्तरदाताको मुख्य पेशा**




स्रोत: स्थलगत सर्वेक्षण, २०७२

माथिको चित्रलाई हेर्दा अध्ययन क्षेत्रमा रहेका मानिसहरूको शैक्षिक स्तर पनि कम भएकोले सरकारी सेवामा खासै पहुँच देखिदैन । जम्मा १० प्रतिशत महिलाहरू मात्रै जागिरको रूपमा संलग्न छन् भने कृषिमा संलग्न महिलाहरू २५ जना पाइयो र हस्तकला विशेष गरी गलैंचा बुन्ने, उनी कपडा बुन्ने, सिलाई गर्ने काममा लाग्ने महिलाहरूको संख्या ४० पाइयो र व्यापार व्यवसाय गर्ने महिलाहरू मात्र ५ जनामात्र पाइयो ।

### ४.२.६ उत्तरदाताको परिवारको वार्षिक आम्दानी

यस अध्ययन क्षेत्र विशुद्ध नेवार वस्ती भएकोले यस क्षेत्रका महिलाहरू र उनीहरूको घरको आम्दानीको स्रोत कृषि, नोकरी, घर भाँडा दिएबापत आउने रकम, व्यापार र आयमुलक कामहरू पर्दछ । यहाँका अधिकांश महिलाहरू हस्तकलामा

लागेका छन् । उत्तरदाताहरूको परिवारको बार्षिक आम्दानीलाई निम्न अनुसार देखाइएको पाइन्छ ।

**तालिका ४.६**

**उत्तरदाताहरूको परिवारको बार्षिक आम्दानी**

| **वार्षिक आम्दानी** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| १,०००-१०,००० | ३ | ३.७५ |
| १०,०००-३०,००० | १० | १२.५ |
| ३०,०००-५०,००० | ४० | ५०.० |
| ५०,००० भन्दा माथि | २७ | ३३.७५ |
| जम्मा | ८० | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२

यसरी तालिकाको अध्ययन गर्दा अध्ययन क्षेत्रमा रहेका महिलाहरूको घरको बार्षिक आम्दानी राम्रै रहेको पाइयो । ज्यादै कम बार्षिक आम्दानी हुने महिलाहरू मात्रै ३.७५ प्रतिशत पाइयो । अरु १२.५ प्रतिशत महिलाहरूको परिवारको आम्दानीको स्थिति १० हजार देखि ३० हजारसम्म पाइयो भने धेरै महिलाहरू अर्थात् ५० प्रतिशत महिलाहरूको आम्दानी बार्षिक ३० हजार देखि ५० हजारसँम पाइयो र २७ प्रतिशत महिलाहरूको आम्दानी ५० हजारभन्दा माथि पाइयो । यसको मुख्य श्रोत घरभाँडामा राखेको हुनाले आम्दानीको स्रोतको रूपमा त्यस रकमलाई लिन सकिन्छ ।


### ४.२.७ उत्तरदाताको परिवारमा भु-स्वामित्वको स्थिति

अध्ययन क्षेत्रमा रहेका महिलाहरूको पारिवारीक संरचना पितृसत्तात्मक नै पाइयो । सबै महिलाहरूले घरमा घरमुलीको रूपमा आफ्नो पतिका नाम लिए । परिवारमा कुनै पनि निर्णय गर्दा पनि पतिकै निर्णय अन्तिम हुने समेत अध्ययनमा पाइयो र हालमा आएर केही महिलाहरूको परिवारको जमिनमा केहीको आफ्नो नाममा

पास गरेको समेत अध्ययनमा आएको छ । उनीहरूमा रहेको भु स्वामित्वको स्थितिलाई निम्नअनुसारको चित्रबाट देखाइएको छ :

**चित्र ४.२**

**उत्तरदाताको भू-स्वामित्वको स्थिति**




स्रोत: स्थलगत सर्वेक्षण, २०७२

माथिको चित्रलाई हेर्दा महिला समुहमा आवद्ध रहेका महिला उत्तरदाताहरूको नाममा खासै जमिनको स्वामित्व देखिँदैन । ६२.५ प्रतिशत महिलाहरूका परिवारमा जमिनको स्वामित्व ससुरा/सासुको नाममा रहेको पाइन्छ भने ३३.७५ प्रतिशत महिलाहरूको जमिनको स्वामित्व उनीहरूको पतिको नाममा रहेका पाइन्छ र जम्मा ३.७५ प्रतिशत महिलाहरूको जमिनको स्वामित्व उनीहरूको पतिको नाममा रहेको पाइन्छ र जम्मा ३.७५ प्रतिशत महिलाहरूको मात्रै उनीहरूकै स्वामितवमा जमिन रहेको पाइयो । यसबाट स्पष्ट रूपमा यो भन्न सकिन्छ की केही महिलाहरूको नाम जग्गा पास भएको संकेतबाट अब यस अध्ययन स्थलमा बिस्तारै पुरुषहरू समेत महिलाहरूलाई जमिनको स्वामित्वको रूपमा लिन थालेको पाइन्छ ।

### ४.२.८ उत्तरदाताको धर्म सम्बन्धी विवरण

नेपालमा विभिन्न जातजातिहरू रहेका छन् । त्यस्तै गरी नेपाल चार जात छत्तीस वर्णको एउटै मालामा उनेर बनेको फूलमाला हो । त्यस्तै गरी विभिन्न धर्महरू अबलम्बन गरी जीवनयापन गर्दै आएको छ । जस्तैः हिन्द, वौद्ध, क्रिश्चियन, कृष्ण प्रणामी, आदि धर्महरू मध्ये यस क्षेत्रमा रहेका प्राय महिलाहरूले आफूहरू हिन्दु धर्ममा विश्वास गर्ने कुरा व्यक्त गरेका छन् भने कोही कोही हिन्दु र वौद्ध दुवै धर्म मान्ने कुरा समेत व्यक्त गरेका छन् । जसलाई तलको तालिकाबाट देखाउन सकिन्छ ।

**तालिका ४.७**

**उत्तरदाताहरूको धर्मको विवरण**

| धर्म | संख्या | प्रतिशत |
|---|---|---|
| हिन्दु | ५५ | ६८.७५ |
| हिन्दु + वौद्ध | २५ | ३१.२५ |
| जम्मा | ८० | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२

# अध्याय - पाँच

## महिला समुहको स्थापनाका कारणहरू र यसले समाजमा पारेको प्रभाव

यस अनुसन्धानको अध्ययन स्थल कीर्तिपुर नगरपालिका स्थित वडा नं. २ को गल्छैं महिला समुह हो जसको स्थापना वि.सं. २०६२ सालमा भएको हो । कीर्तिपुरमा विभिन्न टोलहरूमा विभिन्न नाम सहित महिला समुहहरू स्थापित छन् । जुन एउटा लहर भै फैलिदैं यहाँका महिलाहरूले पनि आफ्नो वडामा महिलाहरू संगठित हुनुपर्ने महसुस गरी महिला समुहको विधिगत स्थापना गरेका हुन् । हाल यस महिला समुहका अध्यक्ष रामकुमारी महर्जन हुन् । उनका अनुसार महिला समुहको स्थापना हुनु अगाडी महिला जागरण र सशक्तिकरणमा महिलाहरू ज्यादै पछाडी थिए । महिलाहरू मात्रै घरायसी कामकाजमा अल्भीएका देखिन्थे । महिलाहरूको प्रौढ शिक्षामा पनि उत्साहजनक सहभागिता हुँदैनथ्यो किनभने महिलाहरूमा शिक्षाको महत्व र आफू पनि समाजको अभिन्न अंगको रूपमा छु भन्ने ज्ञानको कमी थियो । पुरुषप्रधान समाज थियो र पुरुषको निर्णय नै अन्तिम निर्णय हुन्थ्यो । महिला समुहको कुरा चल्दा पुरुषहरूले खासै यसमा चासो नदिएको समेत उनी सम्भनु हुन्छ ।

यस अध्ययनको मुख्य सुचनादाताको आधारमा टोलमा विभिन्न विकृति, अन्धविश्वास व्याप्त भएको समाज विकास हुन कठिन भइरहेको अवस्था थियो भने समाज निर्माण कार्य पनि सन्तोषजनक रूपमा हुन नसकिरहेको अवस्था थियो । महिलाहरूमा घरायसी कामकाज बाहेक कुनै आयमुलक काम थिएन जसले गर्दा आर्थिक रूपमा निकै न्यून सक्रियता थियो । सानो रकमको बचतबाट पनि संगठित रूपमा महिलाहरूले लाभ लिन सकिन्छ र आत्मनिर्भर हुन सकिन्छ भन्ने धारणामा कमी थियो । (स्थलगत सर्वेक्षण, २०७२)

### ५.१ समाजमा विकृति हटाउने र महिला सशक्तिकरणको लागि महिला समुहको महत्व

यस गल्छैं महिला समुहको स्थापना भएपछि महिलाहरू हरेक महिना भेला हुने, संगठित हुने, सामुहिक छलफल हुने, ज्ञानका कुाहरू आदानप्रदान हुने जस्ता

क्रियाकलाप हुने हुँदा महिलाहरूमा विस्तारै नयाँ सोचको विकास हुँदै आइरहेको पाइन्छ भने अन्धविश्वास, सामाजिक विकृति विरुद्ध सजक समेत हुन थालेको पाइन्छ । महिला समुहको स्थापनाले महिलाहरू सशक्तिकरण हुँदै आइरहेको पाइन्छ । तर सबै महिलाहरूको चेतनाको स्तर समानता नभएको कारण महिलाहरूमा परिवर्तनको आवश्यकता छ । यस गल्छैं महिला समुहमा आवद्ध हुनाका कारणहरू निम्न अनुसार देखाउन सकिन्छ ।

**तालिका ५.१**

**समूहमा आवद्ध हुनुका कारणहरू**

| आवद्ध हुनुका कारणहरू | संख्या | प्रतिशत |
|---|---|---|
| अरुले भाग लिएको देखेर | ३० | ३७.५ |
| सशक्तिकरण चाहेर | ४५ | ५६.२५ |
| परिवारले भनेर | ५ | ६.२५ |
| जम्मा | ८० | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२

तालिका ५.१ अनुसार तथ्यांक अनुरूप विशेष गरी चेतनाको स्तर केही बढी भएका अगुवा महिलाहरूको सक्रिय भुमिका स्वरूप ४५ प्रतिशत महिलाहरू स्वयंम सशक्तिकरण चाहेर यस महिला समुहमा आवद्ध देखिए । त्यस्ते ३० प्रतिशत महिलाहरू टोलमा सबै महिलाहरू संगठित भएको देखेर यसमा आवद्ध हुन आएको पाइन्छ भने मात्रै ५ प्रतिशत महिलाहरू परिवारको सदस्यहरूले भनेर यस महिला समुहमा आवद्ध भएको पाइन्छ ।


## ५.२ महिला समुहको स्थापनापछि महिला संगठित र एकतामा समुहको भुमिका

गल्छैं महिला समुहमा जम्मा ८० सदस्यहरू छन् र महिलाहरू यस समुहमा समान हैसियत राख्दछन् । कार्यवहन गर्न यस समितिमा अध्यक्ष, कोषाध्यक्ष, सचिव, उपसचिब र सदस्यहरूको छुट्टै समिति समेत गठन गरेका छन् जसमा अध्यक्षको

भुमिका रामकुमारी महर्जनले लिएका छन् । उनका अनुसार महिला समुहको गठनपछि सबै महिलाहरू एक भएका छन् । आपसमा सहयोगी मेलमिलापका वातावरण सृजना भएको पाइन्छ । सामाजिक कार्यक्रममा, जात्रा, टोल सरसफाइ, टोल निर्मण, भोज, ब्रतवन्ध आदि सामाजिक कार्यहरूमा एकता भई सक्रिय सहभागिता सबै महिलाहरूको समान पाइन्छ र यसमा महिलाहरू संगठित छन् ।

**चित्र ५.१**

**उत्तरदाताको महिला संगठन र एकता हुनुका कारणहरू**




स्रोतः स्थलगत सर्वेक्षण, २०७२

यसरी माथिको तथ्यांक अनुसार महिला समुहमा महिलाहरू एकता र संगठित हुनुमा विभिन्न फाइदाहरू उत्तरदाताबाट व्यक्त गरियो । १० प्रतिशत महिलाहरूले महिला समुहबाट आपसी सहयोग र मेलमिलाप बढाउने विचार राखे भने २० प्रतिशत महिलाहरूले महिला विकास र आत्मनिर्भर हुने कुरा व्यक्त गरे । ४५ प्रतिशत महिलाहरू भने महिला समुहको स्थापनाले सहयोग र आत्मनिर्भर दुवै भएको विचार राखे र ५ प्रतिशत महिलाहरू भने एकै गाउँठाउँको बासिन्दा भएकोले महिला समुहमा आवद्ध भएको विचार व्यक्त गरेको पाइयो ।

## ५.३ स्थानिय महिलाहरूको आर्थिक सुधारमा पारेको प्रभाव

महिला समुहको स्थापना भएपछि महिलाहरू आर्थिक रूपमा केही सवल हुदै आइरहेको देखिन्छ । मुख्य रूपमा कृषि, घरायसी कामबाट कुनै खासै आर्थिक सुधार नभएकोले उनीहरूको जीवनस्तर निकै न्यून थियो तर महिला समुहको स्थापना भएपछि हरेक मासिक रूपमा सानै भएपनि निश्चित रकम बचत गर्नुपर्ने हुँदा महिलाहरूमा बचत गर्नुपर्ने धारणाको विकास भएको छ । घरमा आयस्रोतको सहि सदुपायोग गर्ने र निश्चित रकम बचत स्वरूप राख्नु पर्ने धारणाको समेत विकास भएकोले महिलाहरूले आम्दानीको उचित प्रयोग गरेको पाइयो र समुहमार्फत ऋण लिएर आयमुलक काममा पनि संलग्नता हुँदै आइरहेको सर्वेक्षणले देखाउँछ ।

गल्छैं महिला समुहका महिलाहरूले मासिक १०० रूपैयाको दरले बचत गर्दे आइरहेको पाइयो । यसरी मासिक रूपमा संकलित रकम ऋण सापटीको रूपमा लगानी गर्दा एकातिर लगानीमा प्राप्त व्याजले समुहको आर्थिक स्तर बढाई सामाजिक काममा समेत सरिक हुने अवसर प्राप्त भयो । यस महिला समुहका कोषाध्यक्ष उर्मिला महर्जनका अनुसार रकम जम्मा गरी यस रकमको राम्रोसँग विवरण राख्ने र रकमको विवरण, ऋण दिने र व्याजको हिसाब सबै उनले गर्ने समेत बताउनुभयो । (स्थलगत सर्वेक्षण, २०७२)

## ५.४ मासिक बचत रकमको सदुपयोग

मासिक संकलित बचत रकमबाट महिलाहरूले केही आयमुलक कामहरू गर्न चाहेमा ऋणको माग गर्न सकिन्छ र महिला समुहमा विशेष गरी महिलाहरू हस्तकलाको काम, सिलाइ पसल, खाजाघर, सानो व्यापार, पसल आदि कामको लागि ऋण लिने गरेको पाइयो । यस गल्छैं महिला समुहमा ऋण लिँदा ऋणको व्याज निकै सहुलियतमा र घट्दो व्याजको रूपमा तिर्नपर्ने व्यवस्था भएको पाइयो ।

**तालिका ५.२**

**ऋणको किसिम**

| **ऋणको किसिम** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| हस्तकलाको लागि | १० | ४० |
| सिलाइको लागि | ३ | १२ |
| घरायसी कामको लागि | १२ | ४८ |
| जम्मा | २५ | १००.०० |


स्रोतः स्थलगत सर्वेक्षण, २०७२

तालिका ५.३ अनुसार महिला समुहका सबै महिलाहरूमध्ये १२.५ प्रतिशतले आफ्नो हस्तकलाको कामबाट आयआर्जन गर्ने जस्तैः बत्ती काट्ने, टोपी, ऊनी स्वीटर बुन्ने, पन्जा बुन्ने आदिका लागि ऋण लिने गरेको पाइन्छ भने कोही महिलाले सिलाइ पसल खोल्नको लागि, कसैले नेपाली चोलो, भोटो आदि सिलाइ बेच्नको लागि पनि ऋण लिएको पाइयो । मात्र ३.७५ प्रतिशत महिला सिलाइमा संलग्नता देखिन्छ भने १५ प्रतिशत महिलाले घरायसी समस्याहरूलाई केही मद्दत होस् भन्ने हेतुले ऋण लिएको पाइयो । जस्तै : आफ्नो घरको दैनिक समस्या टार्न व्रतबन्ध गर्न, चाडपर्व मनाउन, छोराछोरीको पढाइको लागि आदि कामहरू गर्न ऋण लिएको देखिन्छ ।

## ५.५ आम्दानीलाई खर्च गरी बचत रहने नरहने अवस्था

**चित्र ५.२**

**आम्दानीलाई खर्च गरी बचत रहने नरहने अवस्था**




स्रोतः स्थलगत सर्वेक्षण, २०७२

यसरी प्राप्त आँकडालाई विश्लेषण गर्दा ऋण लिएर व्यवसाय स.चालन गरेका महिलाहरू २५ जनासँग कुराकानी गर्दा ३५ प्रतिशत महिलाहरूले बचत गर्न नसकेको अवस्था जनायो । किनकी उनीहरूको व्यवसायको शुरुबाट अवस्थामा भएकोले नोक्सान चाँही भएको छैन तर उचित बचत मात्रै हुन नसकेको भनाइ छ तर बाँकी ७५ प्रतिशत महिलाहरूले भने धेरै नै मद्दत पुगेको र आम्दानीलाई खर्च गरी पनि केही निश्चित रकम बचतमा आइरहेको जुन हरेक दिन सरकारी संस्थामा समेत राखि राखेको र सानै रकम भएपनि बचत गर्न सफल भइरहेको भनाइ छ । यसको आसय उनीहरू महिला समुहलाई दिन्छन् । महिला समुहलाई एउटा महिला उत्थानको संस्थाको रूपमा ती महिलाहरू लिन्छन् ।


## ५.६ महिला समूहप्रति महिलाहरूका परिवारका सदस्यहरूको प्रतिक्रिया

समुहबाट ऋण प्राप्त गरी आर्थिक सशक्तिकरणमा स्वयम् महिला एकको मात्रै उन्नति हुन नपुगी उनको परिवार र समग्रमा समाजको समेत आर्थिक हैसियत उच्च

हुन पुगेको कुरालाई नकार्न मिल्दैन । सुरुसुरुका दिनहरूमा परिवारका सदस्य खासगरी पुरुषहरूबाट त्यति ठूलो सहयोग नपाएको भएतापनि वर्तमानमा आएर प्राप्त आम्दानीले व्यवसाय अघि बढाउन सकेको र समाजमा इज्जत पाएको देखेर परिवारमा समेत महिलाहरूलाई सहयोग गर्ने, पारिवारिक मेलमिलाप, समझदारीमा ठूलो परिवर्तन आएको समेत महिलाहरूको भनाइ छ । परिवारमा महिला समुहका महिलाहरूलाई सहयोग पुऱ्याए नपुऱ्याएको सम्बन्धमा निम्न तथायंक प्राप्त हुन आउँछ ।

**चित्र ५.३**

**क्रियाकलापमा सघाउ पुऱ्याउने नपुऱ्याउने विवरण**




स्रोतः स्थलगत सर्वेक्षण, २०७२

चित्र ५.३ बाट के देखाउँछ भने समाजका करिब सम्पूर्ण घरहरूमा अर्थात् ७५ प्रतिशत सदस्यहरूको परिवारमा परिवारका अन्य सदस्यहरूबाट महिलाहरूलाई हरेक क्रियाकलापमा सघाएको पाइन्छ भने ज्यादै न्यून जम्मा ५ प्रतिशत महिलाहरूको भने परिवारका सदस्यहरूले खासै नसघाएको अवस्था देखिन्छ । यसको आधारमा पनि समाजको विकास निकै तिव्र रूपमा अगाडी बढिरहेको र आर्थिक तथा सामाजिक सशक्तिकरणमा परिवारका हरेक सदस्यको महत्वपूर्ण भुमिका हुन्छ भन्ने चेतनाको विकास यो टोलमा भएको पाइन्छ ।

## ५.७ स्थानीय महिलाहरूको शैक्षिक विकासमा परेको प्रभाव

महिलाहरू स्वयमले महिला समुहमा आवद्ध भइसकेपछि शिक्षाको महत्व बुझ्न थालेको पाइयो । महिलाहरू विभिन्न प्रकारका तालिम, गोष्ठी, सेमिनार, वैठक, भेला आदिमा सहभागी हुनुका साथै आयमुलक काममा समेत सरिक भइ केही रकम समेत आर्जन गर्न सक्ने अवस्थामा पुगेकोले यहाँका महिलाहरू हाल आएर सचेत देखिएको पाइन्छ र यो सबैमा शिक्षाले पार्ने सकारात्मक प्रभाव पनि बुझ्न थालेको पाइन्छ । आफूहरू प्रौढ शिक्षामा सरिक भई साक्षर बन्ने चाहना अनुरूप प्रौढ शिक्षामा समेत भाग लिएको र अक्षर चिन्ने भएको समेत भनाइ महिलाहरूको पाइयो । आफ्नो छोराछोरीहरूलाई अझ राम्रो शिक्षा दिनुपर्दछ र आत्मनिर्भर बनाउनु पर्ने समेत उनीहरूको भनाइ छ ।

**तालिका ५.३**

**प्रौढ कक्षामा महिलाहरूको सहभागिता**

| प्रौढ कक्षा | संख्या | प्रतिशत |
|---|---|---|
| प्रौढ कक्षामा गएको | ४५ | ५६.२५ |
| प्रौढ कक्षामा नगएको | ३५ | ४३.७५ |
| जम्मा | ८० | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२

माथि तालिका ५.३ बाट प्राप्त तथ्यांकलाई विश्लेषण गर्दा प्रौढ साक्षरता कार्यक्रममा स्थानीय महिलाहरूको सहभागिता उल्लेख्य रहेको पाइन्छ । ४३.७५ प्रतिशत महिला प्रौढ कक्षामा भाग नलिएको पाइयो किनभने उनीहरू साक्षर भएको र यी कक्षाहरूले साक्षरता बाहेक थप शिक्षा दिन नसक्ने भएकोले प्रौढमा सहभागिता नभएको भनाइ छ भने बाँकी ५६.२५ प्रतिशत महिलाहरू भने प्रौढ कक्षाहरूमा सहभागी भइ साक्षर हुन सफल भएको, आफ्नो नाम लेखन सक्ने भएको, मोबाइल चलाउन सक्नेसम्म भएको कुराहरू स्वयंम महिलाहरूबाट व्यक्त भएको छ । उनीहरू

बाहेक परिवारका अन्य सदस्यहरू समेत यो प्रौढ कार्यक्रमबाट लाभान्वित भएको देखिन्छ । प्रौढ कक्षाका संचालन पनि महिला समुह मार्फत नै हुने हुँदा यसमा सहभागि महिलाहरूको अग्रता निकै राम्रो देखिन्छ ।

## अध्याय - छ

## महिला सशक्तीकरणमा महिला समुहका गतिविधिहरूले पारेको प्रभाव

समाजमा विधमान सामाजिक विसंगति र विकृतिहरूको अन्त गर्दै पुरातन समयदेखि महिलाहरूमाथि भएको दमन समाप्त पारी उनीहरूको सामाजिक, शैक्षिक एवम् आर्थिक स्तर माथि पुऱ्याउँदै जाने लक्ष्य र उद्देश्यका साथ यस महिला समुहको स्थापना भएको पाइन्छ। यसका अतिरिक्त यो महिला समुह आफ्ना गतिविधिहरूमार्फत समाजमा विद्यमान पुरुषवादी हैकम समाप्त पार्नका लागि एवम् महिलाहरूलाई जागरुक पार्न र पुरुषहरूलाई समयानुकुल सुधारका साथै समाज उत्थानमा महिलाहरूको सशक्त भूमिका हुन्छ भन्ने कुराको अनुभूति दिलाउन समेत सफल भएको पाइन्छ। यसका अतिरिक्त यो महिला समुह आफ्नो स्थापनाको छोटो अवधिमा नै समाजमा विदमान विकृतिहरूको अन्तका साथै विभिन्न निर्माण प्रक्रियाहरूमा समेत सहभागी भएको पाइन्छ। यो महिला समुहका गतिवधिहरूले उनीहरूको समाज सुधार र महिला सशक्तिकरणमा पारेको प्रभावलाई तल व्याख्या गरिन्छ।

### ६.१ महिला समूहका गतिविधिहरूले समाजमा ल्याएका सुधार कार्यहरू

कीर्तिपुर स्थित वडा नं. २ मा स्थापित गल्छैं महिला समुहमा जम्मा ८० जना महिला सदस्यहरू छन्। यस गल्छैं महिला समुहको स्थापना वि.सं. २०६२ सालमा सिमित महिला सदस्यहरूबाट शुरु भएको हो। गल्छैं महिला समुहलाई शुरु सुरुमा सबै पुरुष तथा महिलाहरू स्वयमलाई पनि यस संस्थाको महत्व बुझ्न गाह्रो भयो। तर पछि गएर सबै महिलाहरूलाई संगठित गर्दै यससंस्थाले यस टोलका महिलाहरू विशेष गरी आर्थिक, सामाजिक र शैक्षिक पक्षलाई जोड दिदै समाज सुधार र महिला जागरण तथा सशक्तिकरणमा ठूलो योगदान दिदै आइरहेको छ। यस गल्छैं महिला समुह विभिन्न गतिविधिबाट समाजमा आएका सुधारहरू यस प्रकार छन्:

सबै महिलाहरू संगठित भएका छन् जसले गर्दा समाजमा मेलमिलाप आपसी सहयोगी, माया, प्रेमको भावना जागृत भएको छ। महिला सदस्यहरू विभिन्न समस्यामा छलफल गरी समस्या समाधान गर्न सामुहिक पहल गर्ने गर्दछन्। मासिक

रूपमा केही रकम जम्मा गर्दै जम्मा भएको रकमको उचित सदुपयोग गर्ने कार्यमा महिलाहरू सक्रिय हुँदै आइरहेका छन् । विशेष गरी हस्तकलाको काम, खाजा घर, वेकरी उत्पादन, कुखुरा पालन, तरकारी पसल, सिलाई पसल आदि स-साना व्यवसायमा महिलाहरू संलग्नता हुँदै आइरहेको पाइन्छ । यस समुहका महिलाहरू प्रौढ शिक्षामा पनि संलग्नता हुँदै आइरहेका छन् । फलस्वरूप निरक्षर महिलाहरू समेत आफ्नो नाम लेख्न सक्ने समेत भएका छन् ।

यस समुहका महिलाहरू आफ्नो टोलमा संचालित विभिन्न सार्वजनिक कार्यहरूमा सहभागी भई सहयोग गर्ने समेत गर्दे आइरहेका छन् जस्तो बाटो, मन्दिर, पाटी पौवा सरसफाइ कार्यक्रम, फोहरको सहि सदुपयोग कार्यमा, जात्रा, पर्वहरूमा सक्रिय सहभागी भई नेवारी परम्परा र संस्कृतिलाई संरक्षण गर्ने कार्यमा समेत सक्रिय सहभागी हुँदै आइरहेका छन् । यस महिला समुहबाट भोज भतेरमा पनि सामुहिक सहयोग गर्ने स-साना समुहमा विभाजित गरी सहयोग गर्न जाने र आर्थिक रूपमा केही सहयोग हुने क्रममा सहयोगी भुमिका निर्वाह गरी समाजमा सहयोगी हातहरू बढाई रहेको छ । मासिक रूपमा सबै महिलाहरू मासिक बचत गर्दै नियमित रूपमा स्वास्थ्य परिक्षण समेत गर्दे आइरहेका छन् । जसले गर्दा स्वास्थ्यकर्मीद्धारा उनीहरूको स्वास्थ्य सम्बन्धी विभिन्न सरसल्लाह समेत दिदै आइरहेका छन् । महिलाहरू संगठित भएकै कारण समाजमा देखिदै आइरहेका सामीजक विकृतिहरू जाँड, रक्सी खाने, जुवा तास खेल्ने आदि कार्यहरूमा समेत नियन्त्रण हुँदै आइरहेको पाइयो ।

### ६.२ महिला समुहको सामाजिक निर्माण कार्यमा संलग्नता

आफ्नो समुहको छोटो समयमा नै यस गल्छैं महिला समूह विभिन्न खालका सामाजिक विकृतिहरूको अन्त गर्न सफल भै उत्साहित महिलाहरू आफ्नो समाजमा विभिन्न कार्यहरूमा जुट्ने निष्कर्षमा पुगे । यो समुहको कोषाध्यक्ष निर्मला महर्जनका अनुसार कुनै पनि कार्यको लाीग आर्थिक जुटाउनुपर्ने भएको हुनाले उनीहरूले मासिक रूपमा संकलित रकमबाट ऋण वितरण गरी व्याजबाट प्राप्त रकम र निश्चित केही रकमलाई समाज निर्माणमा लगाउने निर्णय सबै महिलाहरू भेल भएको बेला प्रस्ताव पेश गरी सबैबाट सबैको रायसमेत संकलित गरी उचित रूपमा व्यवस्थित रूपमा सो

रकमको सदुपयोग गरिदै आइ रहेको छ । हरेक महिनामा अन्तिम दिन गल्छैँ महिला समुहको सबै महिलाहरूबाट टोल सरसफाइ र फोहरको उचित व्यवस्थापन गर्दै आइरहेको कोषाध्यक्षले बताउनुभयो । साथै महिला समुहका अध्यक्ष रामकुमारी महर्जनले गल्छैँ महिला समुहले सामाजिक निर्माण कार्यमा कसरी स.लग्नता गरिदै आयरहेको छ भन्ने प्रश्नमा यसरी जवाफ दिएकी छिन् :

हाम्रो गल्छैँ महिला समुह स्थापना कालदेखि नै समाज, टोल सुधार र सरसफाइ कार्यमा लागिरहेका छौं । हाम्रो महिला समुहमा जम्मा ८२ जना मध्ये दुई जना सदस्यहरू अलग भएका छन् र अब जम्मा ८० जना सदस्यहरू छन् । हाम्रो महिला समुहबाट आर्थिक रूपमा धेरै सहयोग गर्न नसकेपनि टोल विकास र सुधार र विकासका कार्यहरूमा श्रम सहयोग भने गर्छौं । गतवर्ष २०७२ सालको महाभुकम्पपछि हाम्रो टोलमा धेरै घरहरूमा क्षति पुग्न गयो र हामी सबै महिला समुहका सदस्यहरू मिलेर घर भत्काउने र सरसफाइमा धेरै सहयोग गर्‍यौं । हरेक महिनाको अन्तिम शनिवार हामी टोल, पाटी, ढुंगेधारा, पोखरी आदि सार्वजनिक ठाउँमा सबै महिला सदस्यहरू मिलेर सरसफाइ कार्य गर्छौं । (स्थलगत सर्वेक्षण, २०७२)


## ६.३ महिला समुहका गतिविधिहरूले महिला सशक्तिकरणमा पारेको प्रभाव

आफ्नो समाजका महिलाहरूको स्तरवृद्धि गरी उनीहरूलाई सामाजिक रूपले सवल सक्षम र स्वाभिमानी बनाउने प्राथमिक उद्देश्यका साथ स्थापना भएको महिला समुहले आफ्ना गतिविधिहरू मार्फत समाजमा निकै महत्वपूर्ण समाज सुधारका कामहरू गर्नुपरेका साथै विभिन्न क्षेत्रमा महिलाहरूलाई सशक्त बनाउने कार्यहरू समेट गरिरहेको छ । विशेष गरी महिला सशक्तिकरणको अभियानका रूपमा महिलाहरूको नेतृत्व विकास, राजनैतिक चासोको विकास, सामाजिक एवम् घरायसी निर्णय प्रक्रियामा अग्रणी भूमिका, सामाजिक असमानता निर्मुल, व्याप्त अन्धविश्वासप्रतिको जागरण र जागरुकता जस्ता विषयहरूमा यो महिला समुहकले युगान्तकारी विकास गरेको छ । यो समुह टोल, गाउँ विकास कार्यहरूमा पनि सक्रिय सहभागिता जनाउँदै समाजमा बेलाबेलामा हुने विभिन्न निर्माण अभियानहरू जस्तै बाटोको सरसफाइ, वन सफाई, पाटी पौवा मर्मत, धाराको निर्माण, खानेपानी वितरण, बगैचा निर्माण,

पोखरीको सरसफाई, मन्दिरको सरसफाई आदि कार्यमा सक्रिय रूपमा स्वेच्छिक रूपमा जुट्ने गरेको पाइन्छ ।

### चित्र ६.१

### सहिला समुहको नियमित वैठकमा उत्तरदाताकाले भाग लिए नलिएको अवस्था




स्रोतः स्थलगत सर्वेक्षण, २०७२

यसरी प्राप्त तथ्यांकलाई हेर्दा महिला समुहका वैठकहरूमा नियमित रूपमा भाग लिने महिलाहरू ९६ प्रतिशत र कहिलेकाँही घरायसी कामले उपस्थित हुन नसकेका महिलाहरू ४ प्रतिशत रहेबाट करिब सम्पूर्ण महिलाहरू बैठकमा उपस्थित हुने कुरा प्रष्ट पार्न सकिन्छ ।

### तालिका ६.१

### महिला समुहका नीति निर्माणमा सुझाव दिए नदिएको सम्बन्धी

| सुझाव दिए नदिएको अवस्था | संख्या | प्रतिशत |
|---|---|---|
| दिन्छु | ७२ | ९० |
| दिन्न | ८ | १० |
| जम्मा | ८० | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२

यसरी प्राप्त तथ्यांकलाई केलाउँदा अधिकांश अर्थात् ३० प्रतिशत महिलाहरू महिला समुहका नीति निर्माण कार्यहरूमा सहभागी हुने गरेको पाइयो भने मात्रै ८ प्रतिशत महिलाहरू यो प्रक्रियामा खासै चासो नराख्ने गरेको पाइयो । यस ८ प्रतिशत महिलाहरू वृद्ध महिलाहरू हुन जसको उमेर ७० वर्ष पार भएका हुन जसलाई कार्य नीति निर्माणमा खासै ज्ञान नभएकोले पनि चासो कम भएको पाइयो ।

## ६.४ महिला समुहका गतिवधिहरूले नयाँ सोच र धारणामा पारेको प्रभाव

नेवारी वस्ती, नेवार परम्परा, विश्वास, चालचलन र जीवनशैली अपनाइ वस्ने मानिसहरू यस वडा २ को गल्छैं महिला समुहका महिला सदस्यहरू पर्दछन् । धार्मिक आस्था, परम्परा, रीतिरिवाज, भाषा, शैली आदिमा नेवारहरू विशेष गरी कीर्तिपुरका मानिसहरू निकै आस्थावान छन् तर कुनै कुनै रितिरिवाज र चालचलनमा केही नयाँपन र नयाँ सोचको समेत खाँचो छ । यसैलाई मध्यनजर गरी अध्ययनको सिलसिलामा मैले थुप्रै अन्धविश्वासको प्रसंग उठाए तर मैले महिला उत्तरदाताहरूबाट नयाँ विचार र नयाँ सोचको धारणा फैलिँदै गइरहेको महसुस गरे ।

## तालिका ६.२

## प्रौढ कक्षामा महिलाहरूको सहभागिता

| अन्धविश्वास | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
|---|---|---|---|---|
| वोक्सीप्रथा | ५ | ६.२५ | ७५ | ९३.७५ |
| छुवाछुत प्रथा | २५ | ३१.२५ | ५५ | ६८.७५ |
| दाइजोप्रथा | ३० | ३७.५ | ५० | ६२.५ |
| धामी र वैद्य | ४० | ५० | ३० | ३७.५ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२

प्राप्त तथ्यांकलाई विश्लेषण गर्दा उत्तरदाताहरूको धारणा बुझ्ने मौका पाए । जसअनुसार वृद्ध उत्तरदाताहरू महिला सदस्यको रूपमा समुहमा आवद्ध छन् जसको धारणा अझै पुरानै पाइयो । जसअनुसार वोक्सी प्रथा, छुवाछुत प्रथा दाइजोप्रथा र धामी र वैद्य प्रतिको विश्वासको कुरामा पनि उनीहरूको धारणा विश्वास गर्छुमा पाइयो तर युवती महिलाहरू भने उनीहरूको धारणामा सहमत भइनन र नयाँ सोचको धारणा व्यक्त गरेको पाइयो तर वैद्यप्रति भने प्राय महिलाहरू सकारात्मक सोच राखेको पाइयो । धार्मिक हिसाबले पनि देवता प्रति आस्थावान भएकोले वैद्यप्रति सकारात्मक सोच रहेको पाइयो तर अन्धविश्वासका कुराहरू भने महिला उत्तरदाताबाट सिधैं विश्वास गर्दिन भन्ने प्रतिक्रिया दिएको पाइयो । यसमा महिला समुहको गतिविधि, वैठक, सामाजिक क्रियाकलापहरूमा सक्रिय सहभागी जस्ता पक्षहरूले विस्तारै सबै महिलाहरूमा आधुनिकताको आरम्भ भएको र सत्य र सहि धारणाको आरम्भ भएको, सहि र गलतमा अन्तर थाहा पाउँदै आयरहेको समेत पाइयो ।

## ६.५ घरायसी र पारिवारिक तथा सामाजिक निर्णय समबन्धी महिला समुहको भुमिका

**तालिका ६.३**

**घरायसी र पारिवारिक तथा सामाजिक निर्णयमा भूमिका**

| प्रौढ कक्षा | संख्या | प्रतिशत |
|---|---|---|
| निर्णय गर्दा सहभागी छैन | ५६ | ७० |
| निर्णय गर्दा सहभागी छु | २४ | ३० |
| जम्मा | ८० | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२


प्राप्त तथ्यांकलाई केलाउँदा ७० प्रतिशत महिलाहरू घरमा कुनै ठोस निर्णय लिँदा सहभागी नभएको पाइयो । पितृसत्तात्मक समाजकै संरचना यस वडामा वस्ने मानिसहरूको पनि पाइयो । उत्तरदाता महिला समुहका सदस्यबाट पनि कुनै ठूलो निर्णय आफ्नो ससुरा, पतिबाट हुने अर्थात् धेरै महिलाहरू अझै पनि निर्णय गर्नमा सहभागी नरहेको पाइयो भने ३० प्रतिशत महिलाहरू जो सानो परिवारमा बस्छन् वा सानो आकारको परिवारमा छन् उनीहरू भने कुनै निर्णय लिँदा पति र पत्नी दुवै सहभागी हुने कुरा व्यक्त गरेको पाइयो ।

यसैगरी कुनै पनि सामाजिक कार्य वा सामाजिक निर्णय सम्बन्धी भन्ने टोलसमाजमा महिलाहरूको प्रतिनिधित्व स्वरूप महिलाहरूलाई पनि निर्णयमा समावेश गर्दै आइरहेको समुहका महिलाहरूले व्यक्त गरेको पाइयो ।

## ६.६ महिला समुहका गतिविधिहरूप्रति समाजको दृष्टिकोण

**चित्र ६.२**

**महिला समुहका गतिविधिहरूप्रति समाजको दृष्टिकोण**





स्रोत : स्थलगत सर्वेक्षण, २०७२

यसरी हेर्दा समाजका ९८ प्रतिशत पुरुषहरू महिला समुहका गतिविधिहरू प्रति सकारात्मक रहेका र केही अर्थात् २ प्रतिशत पुरुषहरू नकारात्मक रहेको पाइयो । नकारात्मक धारणा राख्ने पुरुषहरू निकै कम प्रतिशत भएकोले समाजमा महिला समुहका गतिविधिलाई सहयोग र उत्साहित गर्नुपर्छ भन्ने आम धारणालाई स्पष्ट पार्दछ । आफ्नो समुहका गतिविधिहरू प्रति स्वयंम महिलाहरूको धारणालाई ध्यान गर्दा सम्पूर्ण महिलाहरू यसप्रति सकारात्मक रहेको पाइन्छ ।

## ६.७ महिला समूहमा लागेपछि उत्तरदाताले अनुभूति गरेका स्तर परिवर्तन

**चित्र ६.३**

**महिला समुहमा लागेपछि उत्तरदाताले अनुभूति गरेका स्तर परिवर्तन**




स्रोत : स्थलगत सर्वेक्षण, २०७२

यसरी प्राप्त तथ्यांकलाई अध्ययन गर्दा ५० प्रतिशत महिलाहरू समाजमा आफूहरूको स्तर राम्रो बन्दै आइरहेको अनुभव गरेका छन् भने १८ प्रतिशत महिलाहरू आफ्नो स्तर ज्यादै राम्रो अर्थात उच्च रहेको अनुभव गरेका छन् । तर १२ प्रतिशत महिलाहरूले भने आफ्नो स्तर यथास्थितिमा नै रहेको अनुभव गर्दछन् । ती महिलाहरू अधिकांश वृद्ध महिलाहरू हुन जसले गर्दा पनि खासै महिला समुहको स्थापनाका निति नियमहरू, कार्यविधि, उद्देश्य, क्रियाकलाप आदिबारे धेरै जानकार नभएको र समुहबाट लाभ लिन पनि नसकेको कारणहरू हुन सक्ला ।

यसरी वि.सं. २०६२ सालमा स्थापना भएका यस गल्छैं महिला समुहले आफ्ना गतिविधिहरू मार्फत एकातिर समाजमा व्याप्त रहेका विभिन्न सामाजिक विकृतिहरूको अन्त गर्न सफल भएको देखिन्छ भने स्वयम् आफ्ना सदस्य महिलाहरूको सशक्तिकरण प्रक्रियामा निकै अग्रगामी भूमिका खेलेको पाइन्छ ।

## ६.८ महिला समुहका सामाजिक क्रियाकलापहरूले पारेको प्रभाव

समाज परिवर्तन र आफ्नो समुहका सदस्य महिलाहरूको शसक्तिकरणमा महिला समुहका गतिविधिहरूले निकै प्रभावकारी भूमिका खेलेको पाइन्छ । निरन्तर रूपमा महिला समुहका गतिविधिहरूका साथै अन्य सामाजिक र विकास निर्माणका कामहरूमा समेत जुट्नु पर्दा आवद्ध महिलाहरू बोल्ने कला र देश विदेशका समसामयिक विषयहरूका बारेमा आफ्नो दखल बढाउनुपर्ने अवस्थाको सिर्जना हुन गएको पाइयो । जसको कारण उनीहरू देश विदेशका समाचारहरूप्रति चासो राख्ने, टेलिभिजन, रेडियोबाट प्रसारित समाचारहरूमा रुची राख्ने प्रकृति बढ्दै गइरहेको पाइन्छ ।

**तालिका ६.४**

**गल्छैं महिला समुहका सामाजिक क्रियाकलापहरू**

| क्र.स. | क्रियाकलाप | समय |
|---|---|---|
| १ | महिला समुहको नियमित वैठक | हरेक महिनाको अनितम हप्ता |
| २ | महिला समुहको वचत र ऋण सम्बन्धी कारोवार | हरेक महिनाको १५ गते |
| ३ | टोल, पाटी, धारा आदि सार्वजनिक स्थानहरूका सरसफाई | हरेक महिनाको अन्तिम शनिवार |
| ४ | नकुहिने फोहोर जस्तै प्लाष्टिकको संकलन | हरेक महिनाको १ गते |
| ५ | नियमित स्वास्थ्य परिक्षण | हरेक महिनाको मासिक रकम वचन गर्ने दिन |
| ६ | जात्राहरू, नेपाल सम्वत (नयाँ वर्ष) को अवसर आदिमा टोलको महिलाहरूको सहभागिता | हरेक वर्ष चाडपर्वको अवसरमा |

स्रोत : अध्ययन सर्वेक्षण, २०७२ (गल्छैं महिला समुह)

# अध्याय-सात

# सारांश तथा अध्ययनबाट प्राप्त मुख्य तथ्यहरू

## ७.१ सारांश तथा अध्ययनबाट प्राप्त प्रमुख तथ्यहरू

कीर्तिपुर नगरपालिका स्थित बडा नं. २ मा पर्ने गल्छैं महिला समूह संस्था, सरकारी तथा गैरसरकारी निजी संस्था आदिले प्रभावकारी भूमिका खेल्दै आइरहेको छ र महिला समूहहरूले स्थानिय तहसम्मै सवै महिलाहरूलाई सुसंगठित गर्दै आइरहेका परिप्रेक्ष्यमा यो अध्ययन निम्न विशिष्ट उद्देश्यहरू पूरा गर्नका लागि थियो ।

क) महिलाहरूको सामाजिक, आर्थिक, पारिवारीक वर्तमान स्थिति पत्ता लगाउने ।

ख) गल्छैं महिला समूहको स्थापनको कारण र महिला जागरणको स्थिति पत्ता लगाउने ।

ग) गल्छैं महिला समूहको सामाजिक क्रियाकलापहरू र त्यसको प्रभावको बारेमा पत्ता लगाउने ।

मुख्यतया यो शैक्षिक उद्देश्य पुरा गर्नका लागि सीमित जनशक्ति बजेट समयमा गरिएको अध्ययन हो । यसले मुलत महिला जागरण र सशक्तिकरणमा प्रभाव पार्ने तत्वहरू, महिला समूहको स्थापनाको कारणहरू, महिला समूहमा आवद्ध महिलाहरूको पारिवारिक, व्यक्तिगत र आर्थिक पक्षलाई विश्लेषण गरेको छ भने महिला समूहको गतिविधि क्रियाकलापबाट महिलाहरूमा आएका परिवर्तन र महिला आत्मनिर्भर हुँदै गइरहेको, समाजमा विशेष गरि पुरुषहरूबाट पनि विस्तारै महिला समूहको भूमिका र महत्वबारे ज्ञान हुँदै आइरहेको र महिला समूहप्रति सकारात्मक धारणा भएको आदि पक्षहरूमा अध्ययन केन्द्रित रहेको छ ।

यो अध्ययन वर्णनात्मक र अन्वेषणात्मक अनुसन्धान ढाँचा अपनाइएको छ । यो अध्ययनमा मुख्य उत्तरदाताहरूलाई अन्तर्वाताको लागि दिइएका प्रश्नावलीको आधारमा संख्यात्मक तथा गुणात्मक दुवै खालको तथ्याङकहरूको प्रयोग गरिरहेको छ । यसका लागि समूहगत छलफल तथा मुख्य सूचनादाताको अन्तवार्ता जस्ता विधिहरूको समेट प्रयोग गरिएको छ । अधिकांश प्राथमिक तथ्याङ्कहरूको प्रयोग गरिएको भएता पनि

आवश्यकता अनुसार केही द्वितिय तथ्याङ्कहरूको समेत प्रयोग गरिएको छ । यो महिला समूहको स्थापनाका कारणहरू र यसले समाजमा पारेका प्रभावहरूको विश्लेणबाट यस सम्बन्धमा निम्न तथ्यहरू पत्ता लगाउन सकिन्छ । महिलाहरू मात्र घरायसी कामकाजमा सिमित थिए र आफू आत्म निर्भर हुन खोजीरहेको अवस्थामा गल्छैं महिला समूहको स्थापनाले यहाँका महिलाहरू संगठित र जागरण तर्फै उन्मुख हुन थाले । महिलाहरू समूहको मार्फट घरायसी खर्चलाई बचत गरि मासिक रूपमा केही रकम बचत गर्ने र आवश्यकता परेका अवस्थामा समेट लिने र आयमुलुक कामहरूको थालनी गरी आत्मनिर्भतातर्फ अगाडि बढ्न थालेका छन् । महिलाहरूको सामूहित प्रयास स्वरूप टोल सरसफाइ र सार्वजनिक स्थानको सरसफाइ अभियानका रूपमा अगाडी आएको छ । यो समूहले महिला साक्षरता प्रौढ कक्षा जस्ता विभिन्न कार्यक्रमबाट महिलाहरूलाई साक्षर बनाउने अभियानमा टेवा पुऱ्याउन सफल भएको छ ।

यो महिला समूहका गतिविधिहरूको फलस्वरूप महिलाहरूले आफ्नो हक, हित, अधिकार र कर्तव्य बोध हुँदै आइरहेको स्थिति छ भने विभिन्न सामाजिक क्रियाकलापहरूमा, गतिविधिहरूमा वोल्नुपर्ने, आफ्नो धारणा राख्नु पर्नै आदिले गर्दा महिलाहरूमा आत्मबल र छिटोछरिटो स्वभाव हुने गरेका जस्ता सकारात्मक लक्ष्यणहरू देखा परेका छन् । महिलाहरू सामहिक रूपमा भेला हुने, सामूहिक रूपमा कुनै विषयसँग सम्बन्धित आफ्नो विचार राख्ने जस्ता नियमित कार्यक्रमबाट आपसी मेलमिलाप र महिला एकतामा ठूलो टेवा पुऱ्याएको छ । यो महिला समूह गतिविधिहरूले समूहमा आवद्ध महिलाहरूको वचत गर्ने बानी बसाल्नुका साथै श्रम सापटी समेत प्राप्त गरी आर्थिक आर्जनका काममा महत्वपूर्ण सफलता प्राप्त गरेका पाइन्छ । महिला समूहले महिला जागरण, सशक्तिकरणमा ठूलो भूमिका खेल्दै आइरहेको छ ।

वर्तमान समय भनेको पुरुष र महिला समान रूपमा अघि बढ्नु पनि समय हो तर नेपालमा अझै पनि महिला जागरण र सशक्तिकरणको इतिहासलाई पल्टाउँदा अझै पनि ग्रामीण भेगका महिलाहरू सामाजिक, आर्थिक रूपमा पछि नै छन् र महिला

जागरण अभियान रूपमा अघि सार्नु जरुरी छ । यस अध्ययनबाट महिला समूहहरूको उचित कार्य सम्बन्धी जानकारी हुनुको साथै त्यस्ता समूहहरूको महत्त्व कतिको छ भन्ने थाहा हुन्छ ।

# सन्दर्भसामग्री


अर्याल, भोजेन्द्र (२०६८), *लैङ्गिक र महिलावादी अध्ययन (Gendera and Feminish Studies),* ज्ञानकुञ्ज प्रकाशन ।

आचार्य, मिना (१९९७), *लैङ्गिक समानता र महिला सशक्तिकरण,* काठमाडौं ।

आचार्य, बलराम (२०७१), *लैङ्गिक र महिलावादी अध्ययन,* काठमाडौं: नेशनल बुक सेन्टर, भोटाहीटी ।

महर्जन, संगिता (२०६८), *निःसहाय सेवा सदनमा आश्रित वृद्धवृद्धाहरूको सामाजिक, आर्थिक स्थिति,* अप्रकाशित शोधपत्र, समाजशास्त्र विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

ढकाल, गंगादेवी (२०६२), *दलित एवम् पिछडिएका महिलाको सशक्तिकरणमा आमा समुहको भूमिका,* अप्रकाशित शोधपत्र, समाजशास्त्र विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

चौलागाई, तिलकप्रसाद, नानीराम पोखरेल र केशवराज सापकोटा (२०६०): *लैङ्गिक अध्ययन:: समाजशास्त्रीय विश्लेषण,* न्यू हिरा बुक्स इन्टरप्राइजेज, कीर्तिपुर, काठमाडौं ।

कीर्तिपुर नगरपालिका वडा नं. १२ को तथ्यांक विवरण

नगरपालिका प्रोफाइल (२०७२), कीर्तिपुर नगरपालिका प्रोफाइल, काठमाडौं ।

*कीर्तिपुर दर्पण* (२०७२ माघ २५), पाँगामा उद्यमी महिला अन्तर्क्रिया सम्पन्न, सम्पादकीय लेख ।

Bibek-Kirtipur.blogspot.com.kirtipur: History of Kirtipur. Sep 11, 2011.

Longme, S. (1991). Gender Awareness: The missing Element in the Third World Development Project.

Kirtipur Tales <homelynepal.com.homelynepal.come>kirtipur-tales. Sep 11, 2011.

An inspiring story.....our kirtipur.com.www.ourkirtipur.com.np.>....>society.

Devdhoka mahila samuha profiles. https://www.facebook.com>public.dec....

www.Google.com/history of kirtipur. retrieved on 12 september, 2013.

## अनुसूची क

## अनुसन्धानको क्रममा घरधुरी सर्वेक्षण गर्दा प्रयोग गरिने प्रश्नावलीहरू

महिला जागरण र सशक्तिकरणमा महिला समुहको भुमिका (गल्छैं महिला समुह कीर्तिपुर नगरपालिका वडा नं २ को एक अध्ययन)

नाम : ............................... गाविस : .................................. वडा नं. .......

जिल्ला : .......................... अञ्चल : .......................

१. पारिवारिक विवरण

| **सि.नं.** | **नाम** | **घरधुरीसंगको नाता** | **लिङ** | **उमेर** | **वैवाहिक स्थिति** | **धर्म** | **परिवारको किसिम** |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

२. तपाईको जमिनको स्वामित्व कस्को नाममा रहेको छ ?

क) श्रीमान
ग) सासुससुरा
ख) श्रीमती
घ) अन्य

३. तपाईंको मुख्य पेशा वा व्यवसाय के हो ?

क) नोकरी
ग) व्यावसाय
ख) कृषि
घ) अन्य

४. तपाई गल्छेँ महिला समुह स्थापना हुँदादेखि नै आवद्ध हुनुहुन्छ ?

क) छु ख) छैन

५. गल्छो महिला समुहको स्थापना हुनुको कारण के थियो होला ?

क) महिला जागरण र सशक्तिकरणको लागि

ख) महिला वचत तथा ऋणको लागि

ग) अरु महिला समुहहरू बनेर

घ) अन्य

६. संस्था स्थापना कालमा के टोलका पुरुषहरूले महिलाहरू संगठित गर्न सहयोग र प्रेरणा गरेको थिया ?

क) थिए ख) थिएनन्

७. यो महिला समुहका कस्ता कस्ता सामाजिक कामहरूमा तपाई सहभागी गनुहुन्छ ?

क) टोल विकास र सरसफाइको काम

ख) सामाजिक समस्या समाधान

ग) प्रौढ तथा साक्षरता कार्यक्रम

घ) महिला आयआर्जनका काम

ङ) जनस्वास्थ्य सम्बन्धी कार्यक्रम

च) जात्रा तथा चाडपर्वहरूमा

छ) माथिका सबै

८. तपाई महिला समुहका गतिवधिहरूप्रति कस्तो धारणा राख्नुहुन्छ ?

क) सकारात्मक

ख) नकारात्मक

ग) ठिकै

९. तपाई महिला समुहमा आवद्ध भएपछि आफ्नो कस्तो हैसियत भएको महसुस गर्नुहुन्छ ?

| | | | |
|---|---|---|---|
| क) | जस्ताको तस्तै | ग) | धेरै राम्रो भएको |
| ख) | राम्रो हुँदै आएको | घ) | झनै बिग्रिएको |

१०. तपाईहरूको समिति गठन भएपछि समाजमा महिला सशक्तिकरणका लागि कस्ता खालका परिवर्तनहरू भएको महसुस गर्नुभएको छ ?

क) महिला साक्षरताको अवसर

ख) स्वास्थ्य र सरसफाईमा वृद्धि

ग) सामाजिक विकृतिको अन्त

घ) नियमित स्वास्थ्य परीक्षण

ङ) आयआर्जनको मौका

च) नेतृत्वको विकास

छ) समाजमा शान्ति कायम

ज) अन्य

११. भविष्यमा यस महिला समुहले अरु के गरोस् भन्ने चाहुनहुन्छ ?

..........................................................................................................

१२. महिला समुहको भावी योजनाबारे तपाईलाई केही भन्नु छ ?

..........................................................................................................

१३. तपाईलाई केही थप भन्नु छ भने कृपया उल्लेख गर्नुहोला ?

..........................................................................................................

१४. तपाई मासिक कति रकम बचत गर्नुहुन्छ ?

..........................................................................................................

१५. तपाईले समुहमा बचत गर्नुहुन्छ ?

क) छ      ख) छैन

१६. तपाईले ऋण लिनु भएको छ ?

क) घरायसी खर्चको लागि

ख) बालबच्चाको पढाइको लागि

ग) व्यापार व्यवसायको लागि

घ) घरेलु आय आर्जन कामको लागि

१७. तपाइले यदि लिनुभएको छ भने किन ऋण लिनुभयो ?

..........................................................................................................

१८. तपाईले कस्तो किसिमको व्यापार गर्नुभएको छ ?

क) किराना पसल      घ) चुरा पसल

ख) सिलाई पसल      ङ) हस्तकलाको काम

ग) खाजा घर      च) अन्य

१९. व्यापारबाट बचत हुन्छ की हुँदैन ?

क) हुन्छ      ख) हुँदैन

२०. बचत रकम तपाईको आवश्यकता पूरा गर्न प्रयाप्त छ कि छैन ?

क) छ

ख) छैन

ग) थोरै हुन्छ

२१. घरको काममा तपाईको परिवारका सदस्यहरूले पनि सहयोग गर्छन कि गर्दैनन् ?

क) गर्छन      ख) गदैनन्

२२. महिला समुहद्धारा संचालन गरेको प्रौढ शिक्षा कार्यक्रममा तपाईले भाग लिनु भएको थियो ?

क) थिए ख) थिएनन्

२३. तपाई आफैले भाग लिएको भए यसबाट फाइदा के के पाउनु भयो ?

क) सामान्य लेखपढ गर्नसक्छु

ख) दैनिक हिसाव सरल रूपमा राख्न सक्छु

ग) किताब/पत्रपत्रिका पढ्न सक्छु

घ) अन्य

२४. महिला समुहका नियमित वैठकहरू र भेलामा सहभागी हुने गर्नुहुन्छ ?

क) गर्छु ख) गर्दिन

२५. गर्ने भए संस्थामा नितिनियम, कार्यक्रम बनाउने कुरामा सरसल्लाह र सुझाव दिने गर्नुहुन्छ ?

क) गर्छु ख) गर्दिन

२६. कस्ता सामाजिक कार्यक्रमहरूमा तपाई सहभागी हुने गर्नुहुन्छ ?

क) टोल सरसफाइ कार्यक्रम

ख) टोल विकास र निर्माणका कामहरू

ग) वृक्षारोपण र वन संरक्षण काममा

घ) अन्य

२७. छुवाछुत, वोक्सी लगायत अन्धविश्वास प्रति तपाई विश्वास गर्नुहुन्छ ?

क) गर्छु ख) गर्दिन ग) थाहा छैन

२८. महिला समुहबाट कस्ता सामाजिक कार्यक्रम हुन्छ ?

क) जनचेतना ग) स्वास्थ्यसम्बन्धी कार्यक्रम

ख) स्वाभलम्बी सम्बन्धी कार्यक्रम ङ) माथिका सबै

२९. घरायसी कुराहरूको निर्णयमा तपाईको भूमिका कस्तो रहन्छ ?

क) सक्रिय ख) निस्क्रिय ग) मध्यम

३०. निस्कृय सहभागिता हुने भए किन ?

क) श्रीमानले निर्णय गर्ने भएकोले

ख) आफ्नो कुरा लागु नहुने भएकोले

ग) निर्णय गर्न सक्षम नभएकाले

३१. आफूले पनि निर्णय लिनुपर्दछ र आफ्नो सामाजिक र घरायसी दुवै प्रक्रियामा सहभागी हुने वानीको विकास कहिले देखि भएको हो ?

क) पहिल्यैबाट

ख) महिला समुहमा आवद्ध भएपछि

३२. महिला समाजमा कहिलेकाँही थिचोमिचो र अन्यायमा पर्दा तपाई आवाज निकाल्नुहुन्छ ?

क) गर्छु ख) गर्दिन